CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

७९

पू र्णा ङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

— बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

२०
वर्ष

३
अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २७/–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. लिच्छविसंवत्को परिचर्चाका रचयिता हाम्रा साथी शङ्करमान राजवंशीज्यू मेरो यो प्रश्नको के उत्तर दिनुहुन्छ ?	–देवीप्रसाद भण्डारी	१–१८
२. श्री ५ रणबहादुर शाहले लक्ष्मीनारायण भण्डारीलाई गरिदिएको अप्रकाशित पत्र	–दिनेशराज पन्त	१८–१९
३. श्री ५ रणबहादुर शाहका तीनवटा अप्रकाशित लालमोहर	–दिनेशराज पन्त	१९–२०
४. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास	–देवीप्रसाद भण्डारी	२१–३०
५. त्रिकोणमिति (ज्योत्पत्ति)	–नयराज पन्त सहायक –देवीप्रसाद भण्डारी	३१–४०
६. मुस्ताङ्गी राजाले वि. सं. १८७५ मा काठमाडौँ पठाएको, अहिलेसम्म प्रकाशमा नआएको अर्जी	–महेशराज पन्त	४१
७. झारकोटे विष्टले राजेन्द्रविक्रम शाहलाई वि. सं. १८९८ मा लेखेको, अहिलेसम्म प्रकाशमा नआएको अर्जी	–महेशराज पन्त	४१–४२
८. वि. सं. १९०१ मा पानी नचल्ने जात भनी ठहरिएका जातको, अहिलेसम्म प्रकाशमा नआएको सूची	–महेशराज पन्त	४३–४४
९. सुरेन्द्रविक्रम शाहले भूटानो राजालाई वि. सं. १९०९ मा लेखेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र	–महेशराज पन्त	४४
१०. लगधको वेदाङ्गज्यौतिष	–नयराज पन्त	४५–४८
११. दुःखी बनाऊँ किन हाय जीवन ?	–नयराज पन्त	४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविसंवत्‌को परिचर्चाका रचयिता हाम्रा साथी शङ्करमान राजवंशीज्यू मेरो यो प्रश्नको के उत्तर दिनुहुन्छ ?

—देवीप्रसाद भण्डारी

चाँगुको मानदेवको स्तम्भाभिलेखमा यस्तो वाक्य छ—

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो)हिणीनक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति

यसको अर्थ भगवानलाल इन्द्राजीले यस्तो गरेका छन्—

अन् द फर्स्ट् डे अफ् द ब्राइट् हाफ् अफ् द मन्थ् ज्येष्ठ अफ् संवत् ३८६, ह्वाइल् द मून् स्टूड् इन् द कन्स्टल्एशन् रोहिणी, इन् दि एक्सेल्अन्ट् मुहूर्त कल्ड् अभिजित् ।

(वि. सं. १९४२ मा बम्बईबाट प्रकाशित, भगवानलाल इन्द्राजीद्वारा रचित, जर्ज बूलरद्वारा अनूदित ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् कलेक्ट्इड् याट् दि एक्स्पेन्स् अफ् एच्. एच्. द नवाब् अफ् जूनागढ् [जूनागढका नवाबको खर्चले बटुलिएका, नेपालका २३ वटा अभिलेख] को ३ पृष्ठ)

[संवत् ३८६ ज्येष्ठशुक्ल प्रतिपदामा, चन्द्रमा रोहिणीनक्षत्रमा भएको बेलामा, असल मुहूर्त अभिजित्‌मा ।]

यसको अर्थ जोन फेथफुल फ्लीटले यस्तो गरेका छन्—

द यर् ३०० (यान्ड्) ८० (यान्ड्) ६; इन् द ब्राइट् फर्ट्नाइट् अफ् द मन्थ् ज्येष्ठ, अन् द फर्स्ट् तिथि अर् लूनर् डे, (अर् इन् फिग्अर्ज्) १; द मून् बीइङ, इन् कन्जक्शन् विथ् द रोहिणी नक्षत्र; इन् द एक्सेल्अन्ट् मुहूर्त (नेम्ड्) अभिजित् ।

(जोन फेथफुल फ्लीटको इन्स्क्रिप्शन्ज् अफ् दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेस्अर्ज् [उठानका गुप्त राजा र तिनका उत्तराधिकारीहरूका अभिलेख] को अर्थात् कर्पस् इन्स्क्रिप्शनम् इन्डिकारम् [भारतीय अभिलेख–सङ्ग्रह] को तेस्रो भागको पूर्वखण्डको वि. सं. २०२० मा काशीको इन्डोलजिकल बुक हाउसद्वारा प्रकाशित संस्करणको ९५ पृष्ठ)

[संवत् ३००+८०+६ ज्येष्ठशुक्ल प्रतिपदामा, चन्द्रमा रोहिणीनक्षत्रमा बसिरहेको बेलामा, असल मुहूर्त अभिजित्‌मा ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको अर्थ सिल्माँ लेभीले यस्तो गरेका छन्—

आँन् ३८६, म्वा दे ज्यैष्ठ, केन्जेन् क्लेर्, प्रेमेये क्रुर् दे ला लूमाइसों, १, ला लुन् एताँ असेस्ये ओ नक्षत्र रोहिणी, ओ ताँन् फावराब्ल् द'अभिजित् ।

(वि. सं. १९६२ मा पेरिसबाट प्रकाशित, सिल्माँ लेभीको ले नेपाल् एतुईद् ईस्तरीक् द'अन् र्वायोम् एँदू [हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन] को तेस्रो भागको १४ पृष्ठ)

[संवत् ३८६ ज्येष्ठ महीना, शुक्लपक्ष, प्रतिपदा तिथि, रोहिणी नक्षत्रमा चन्द्रमा भएको बेला, शुभ अभिजित् मुहूर्तमा ।]

यसको अर्थ हामीले (ऐ. शि. बाबुराम आचार्य र नयराज पन्तले) यस्तो गरेका छौं—

संवत् ३८६ जेठ महीना शुक्लपक्ष, परेवामा रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा, असल अभिजित् मुहूर्तमा ।+

(वि. सं. २०१० मा काठमाडौंबाट प्रकाशित संस्कृत–सन्देश ७ अङ्कका ३१–३२ पृ.)

(वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कमा छापिएको श्रीगुरु नयराज पन्तको लिच्छविसंवत्को निष्कर्षको परीक्षा भन्ने निबन्ध, सो अङ्कका १८८–१८९ पृष्ठ)

साथी शङ्करमान राजवंशीज्यूले उपर्युक्त विद्वान्हरूको अर्थ स्वीकार नगरी नयाँ अर्थ प्रस्तुत गर्नुभयो । सो यस प्रकारको छ–

...अंशुवर्मा भन्दा माथिका अभिलेखमा २२ वर्ष घटाएपछि शकसंवत् हुन्छ भन्ने सिद्ध हुन आएकोले चाँगुमा स्तम्भलेख राख्ने प्रथम मानदेवको समय ३८६–२२= ३६४ शक हुने भयो । मानदेवको उक्त चाँगुको अभिलेखमा मिति "ज्येष्टमासे शुक्लपक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्ते भिजिति" भनी उल्लेख गरेको छ । सो मितिको ब्रह्मसिद्धान्तबाट गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकार छ ।

सं. ३८६ (शक ३६४) ज्येष्ठशुक्लपक्ष

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला	सूर्य	दिनमान
१	सो	१८	१२	रो	२६	४४	१।१०.३७	३२।३०

घडी १५।१० उप्रान्त १७।२० यावत् अभिजित् मुहूर्त

यस गणनाबाट उपर्युक्त मितिमा उल्लेख भएको 'चन्द्रमसि' को अर्थ सोमवार भन्ने कुरा स्पष्ट खुल्न आएको छ । यसले रोहिणी नक्षत्रले युक्त भएको चन्द्रमा भन्ने अर्थ होइन भन्ने सिद्ध गर्छ ।

+ इतिहास–संशोधनको प्रमाण–प्रमेयको १०६ पृष्ठमा पनि यहीअनुसारको अर्थ छापिएको छ । लिच्छविकालका अभिलेखको १४ पृष्ठमा पनि यहीअनुसारको अर्थ छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किन भने नक्षत्र भनेकै चन्द्रमा हो त्यस कारण नक्षत्र भनिकन फेरि चन्द्रमा भन्नुपर्ने आवश्यक छैन। कि त वृषराशिगते चन्द्रमसि भन्नुपर्थ्यो। प्रौढ संस्कृतका ज्ञाता मानदेवले यसरी व्यर्थ शब्दको प्रयोग किन गर्लान्। त्यस कारण मानदेवले चन्द्रमसि शब्द प्रयोग गर्नाको कारण वारलाई लक्ष्य गरेको ठहर्छ। संवत् ३८६ लाई शकसंवत् नै मानी आउँदा गणनाबाट उक्त मिति बिहीवार आउँथ्यो। त्यसैले भ्रम अर्थमा परिरहेको हो।

(वि. सं. २०३० मा काठमाडौँबाट दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको **लिच्छवि-विसंवत्**को निष्कर्षका २७–२८ पृष्ठ)

यसपछि शङ्करमानज्यूले निकालेको निष्कर्ष हेत्वाभासले दूषित छ भनी देखाउन श्रीगुरु नयराज पन्त (सहायक– रामजी तेवारी) ले ज्येष्ठशुक्ल प्रतिपदाका दिन रोहिणी नक्षत्र तथा अभिजित् मुहूर्त परेका वर्षहरूको लामो सूची दिनुभयो।* जस्तै—

(एक)

स्वस्ति। श्रीशालिवाहनशाके १६५७ तथा श्रीमन्नृपविक्रमसंवत् १७९२

ज्येष्ठशुक्ल रात्रिमानं २६।८

१ २० रो १८ च

(पात्रोबाट)

दिनको १५ भागको १ भागलाई मुहूर्त भन्छन्। दिनमा आठौँ मुहूर्त अभिजित् हुन्छ। जस्तै दिनमान ३० घडी हुँदा १४ घडीदेखि १६ घडीसम्म अभिजित् मुहूर्त पर्छ।

यहाँ वि. सं. १७९२ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

(दुइ)

१७१४ (वि. सं. १८४९) ज्येष्ठशुक्ले

१ ५६।३१ रो ५९।८ चं

(पात्रोबाट)

यहाँ वि. सं. १८४९ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

(तीन)

१७२८ १८६३ ज्येष्ठशुक्ले

१ चं १५।४८ रो ३६।६

(पात्रोबाट)

यहाँ वि. सं. १८६३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

---

*वि. सं. २०३५ मा प्रकाशित **पूर्णिमा** ३९ अङ्कमा छापिएको नयराज पन्त (सहायक– रामजी तेवारी) को लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् भन्ने निबन्ध।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(चार)

संबत् १८६६ शाकः १७३१
ज्येष्ठशुक्लः
१ चं ३२।३९ कृ ६।८

(पात्रोबाट)

यहाँ कृत्तिका ६ घडी ८ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ ।

यस कारण वि. सं. १८६६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(पाँच)

विक्रमार्कसंवत् १८७३ शालिवाहनशकः १७३८
ज्येष्ठकृष्णः
० चं ७।३१ रो ४७।५२ दि ३३।२२

(पात्रोबाट)

यहाँ औंसी ७ घडी ३१ पलासम्म छ, त्यसपछि ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ ।

यस कारण वि. सं. १८७३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(छ)

शकः १७४१ संवत् १८७६
ज्यैष्ठकृष्णः
० ०।१८ रो ६०।० चं दि. ३३।२२

(पात्रोबाट)

यहाँ औंसी १८ पलासम्म छ, त्यसपछि ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ ।

यस कारण वि. सं. १८७६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(सात)

स्वस्ति । श्रीसंवत् १८९३ शाके १७५८
ज्येष्ठशुक्ल दि ३३।२४
१ ३७।२९ कृ ५।५६ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ५ घडी ५६ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ ।

यस कारण वि. सं. १८९३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(आठ)

शक १७६८ (वि. सं. १९०३)

ज्येष्टकृष्ण

० १०।२९ कृ १।२२ चं ३३।४८

(पात्रोबाट)

यहाँ औंसी १० घडी २९ पलासम्म छ, त्यसपछि ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ तथा कृत्तिका १ घडी २२ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९०३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(नौ)

श्रीशाके १७८२ श्रीसंवत् १९१७

ज्येष्टशुक्लः

१ ४६।२३ रो ५६।२४ चं

(पात्रोबाट)

यहाँ वि. सं. १९१७ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(दस)

स्वस्ति । श्रीशाके १७८५ संवत् १९२०

ज्येष्टशुक्लः दि ३३।३०

१ ४३।२३ कृ ७।१४ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ७ घडी १४ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ ।]

यस कारण वि. सं. १९२० मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

(एघार)

वैक्रमवेदवेदाङ्केन्दुमित(१९४४)वर्षस्य

ज्येष्टशुक्लः

३३।४६ १ चं ५९।२८ कृ १।३६

(पं. जीवनाथको छापा पात्रोबाट)

यहाँ कृत्तिका १ घडी ३६ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९४४ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(बाह्र)

श्रीशाकेसंवत् १८१२ विक्रमाब्द १९४७
ज्येष्टशुक्लः
३३।३५ १ ५१।३० कृ १११४ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ११ घडी ४ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ।

यस कारण वि. सं. १९४७ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

(तेह्र)

ज्येष्टकृष्णपक्षः ।। सं १९७१ शा १८३६
चं ३० ५।३६ कृ ३।३६

(पात्रोबाट)

यहाँ औँसी ५ घडी ३६ पलासम्म छ, त्यसपछि ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ तथा कृत्तिका ३ घडी ३६ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ।

यस कारण वि. सं. १९७१ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

(चौध)

संवत् १९८८ ज्येष्टशुक्लः
सो. १ ३८।१७ कृ. ११।२ ३३।३०

(पं. तोयनाथ पन्तका छोराको छापा पात्रोबाट)

यहाँ कृत्तिका ११ घडी २ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ।

यस कारण वि. सं. १९८८ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

(पन्ध्र)

श्रीशाके १८८० वि. संवत् २०१५ ज्येष्ठशुक्लः
सो. १ ४८।३२ कृ. १५।६ ३३।३९

(पं. सत्यनाथ पन्तको छापा पात्रोबाट)

यहाँ कृत्तिका १५ घडी ६ पलासम्म छ, त्यसपछि रोहिणी लाग्छ।

यस कारण वि. सं. २०१५ मा ज्यैष्ठशुक्ल प्रतिपद्‌मा रोहिणी नक्षत्र, सोमवार, अभिजित् मुहूर्त परेका छन्।

ज्येष्ठशुक्ल प्रतिपद्‌मा सोमवार, रोहिणी नक्षत्र तथा अभिजित् मुहूर्त परेका वर्षहरूको यो सूची विद्वै श्रीगुरुले यस्तो लेख्नुभएको थियो—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिजित् मुहूर्त प्रत्येक दिन पर्छ। ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी नक्षत्र पनि प्रायः परिरहन्छ। बाँकी रह्यो सोमवारको कुरो। त्यो पनि वि. सं. १७९२ देखि वि. सं. २०१५ सम्ममा (२०१५–१७९२ = २२३) अर्थात् २२३ वर्षमा १५ पल्ट परेको देखियो। बीचका धेरै पञ्चाङ्ग छुटेका छन्। तैपनि १५ वर्षमा १ पल्ट पर्ने अर्थात् १०० वर्षमा ६, ७ पटक पर्ने देखियो।

यस कारण चाँगुमा मानदेवले अभिलेख राखेको दिन महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेका हुनाले ३८६–२२= ३६४ शाके अर्थात् वि. सं. ४९९ हो भनी शङ्करमानले जो भने त्यसमा उनीसँग हामी सोध्छौं, महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेको जुन वर्ष तिमीले दियौ, त्यही वर्ष मात्रै प्रामाणिक हो, अरू वर्ष प्रामाणिक होइनन् भन्ने तिमीसँग के प्रमाण छ?

(पूर्णिमा ३९ अङ्कको १२६ पृष्ठ)

यसपछि शङ्करमान राजवंशीज्यूले श्रीगुरुको उपर्युक्त प्रश्नको उत्तर यस प्रकारले दिनुभयो—

वाफरेवाफ तपाइँ त पात्रोको धनी नै हुनु हुँदो रहेछ। लिच्छविकाल निर्णय गर्न तपाईंहरू बाहेक कुन चाहिँ इतिहास विशेषज्ञले ती वि. सं. १७९२ देखि २०१५ सम्मको पात्रो उपयोग गर्लान्?

(वि. सं. २०४६ मा काठमाडौंबाट गिरीन्द्रमान राजवंशी र श्यामसुन्दर राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्को परिचर्चाको ५८ पृष्ठ)

अहिले मैले गणना गर्दा वि. सं. ४५५ देखि वि. सं. ५५३ सम्मका ९८ वर्षभित्र पाँच पटक ज्येष्ठशुक्ल प्रतिपद्मा सोमवार, रोहिणी नक्षत्र तथा अभिजित् मुहूर्त परेको भेट्टाएँ। सूर्यसिद्धान्तअनुसार गणना गर्दा आएको परिणाम यस प्रकारको छ*—

(एक)

वि. सं. ४५५ शकसंवत् ३२०

ज्येष्ठशुक्ल प्रतिपद्मा तिथिगण= ६१ हुन्छ।

सौरार्यब्राह्मपक्षीय–तिथिगणितमा शकसंवत् १८०० (वि. सं. १९३५) देखि वर्षगण उठाइएको छ।

यस कारण

वर्षगण= इष्टशकसंवत् — १८००= ३२०—१८००= —१४८०

उपकरण वर्षगण ऋण भएकोले वर्षगण —१४८० को गति ल्याई क्षेपक (शकसंवत् १८०० का तिथि, वारादि, चन्द्रकेन्द्र, सूर्यकेन्द्र, नक्षत्रका ध्रुव) बाट घटाई इष्ट शकसंवत् ३२० को प्रारम्भको ध्रुव ल्याउनुपर्‍यो।

---

*वि. सं. १९८३ मा बीजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीय-तिथिगणितम्मा छापिएका सूर्यसिद्धान्तानुसारी सारणीबाट यो गणना गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
			वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
	१०००	२४	४।	५६।	८	९।	१९·५	११।	२९·२	२१।	४३१·४
	४००	१५	५।	३५।	१	३।	१८·१	११।	२९·१	१३।	३४५·६
	८०	१५	२।	३१।	०	५।	१५·६	११।	२९·८	१३।	३८९·१
	१४८०	२४	६।	२।	९	६।	२३·२	११।	२८·१	२१।	३६६·१
क्षेपक	१८००	१२	१।	१८।	१०	५।	२२·७	९।	१२·२	१०।	६५२·०
वर्षगणको गति	–१४८०	२४	६।	२।	९	६।	२३·२	११।	२८.१	२१।	३६६·१
शक ३२० को ध्रुव	३२०	१८	२।	१६।	१	१०।	२९·५	९।	१४·१	१६।	२८५·९

तिथिगण= ६१

ध्रुवतिथि= १८

६१—१८= ४३

यस कारण २ कोष्ठको उपकरण ४३ हुने भयो।

	तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
		वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
१ कोष्ठबाट आएको वर्षादिको ध्रुव	१८	२।	१६।	१	१०।	२९·५	९।	१४·१	१६।	२८५·९
२ कोष्ठबाट	४०	४।	२२।	२७	५।	४·४	१।	८·८	११।	७२८·४
	३	२।	५७।	११	१।	८·६	०।	२·९	२।	७३४·६
ज्येष्ठशुक्ल प्रतिपदा	६१	२।	३५।	३९	५।	१२·५	१०।	२५·८	४।	१४८·९
१ तिथिको	–१	०।	५९।	४	०।	१२·९	०।	१·०	०।	७७८·२
ज्येष्ठकृष्ण औंसी	६०	१।	३६।	३५	४।	२९·६	१०।	२४·८	३।	१७०·७

मध्यम गणना सकियो।

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको—

	रा.	क.
उपकरण चन्द्रमन्दकेन्द्र =	५।	१२·५

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र			चन्द्रमन्दफल
रा.	अं.		कला
५।	१२	=	+ ९३·५
५।	१३	=	+ ८८·५
अन्तर		=	— ५·०

अन्तर	— ५·०	+ ९३·५
शेष	× ·५	— २·५
	— २·५	+ ९१·०

∴ चन्द्रमन्दफलकला = + ९१·०

५ कोष्ठबाट चन्द्रगतिकला = ८५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यमन्दफल र सूर्यगति ल्याएको –

	रा.	अं
उपकरण सूर्यमन्दकेन्द्र =	१०।	२५·८

४ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा. अं.	सूर्यमन्दफल कला
१०। २५ =	+ ७५·१
१०। २६ =	+ ७३·३
अन्तर =	— १·८

अन्तर =	— १·८	+ ७५·१
शेष =	× ·८	— १·४४
	— १·४४	+ ७३·६६

∴ सूर्यमन्दफलकला = + ७३·६६

५ कोष्ठबाट सूर्यगतिकला = ५७

चन्द्रमन्दफलकला =	+ ९१·०	चन्द्रगतिकला =	८५३
सूर्यमन्दफलकला =	+ ७३·६६	सूर्यगतिकला =	५७
योगकला =	+१६४·६६	चन्द्रसूर्यगत्यन्तरकला =	७९६

$$\text{तिथिपराख्य} = \frac{\text{चन्द्रसूर्यमन्दफलयोगकला} \times ६०}{\text{चन्द्रसूर्यगत्यन्तरकला}} = \frac{१६४·६६ \times ६०}{७९६} = \frac{९८७९·६}{७९६} = १२·४१$$

घ. प.

∴ तिथिपराख्य = + १२। २५ (स्वल्पान्तरले)

```
७९६) ९८७९·६ (१२·४१
     ७९६
     १९१९
     १५९२
      ३२७६
      ३१८४
        ९२०
        ७९६
        १२४
```

स्पष्टतिथ्यन्तकाल ल्याएको—

	वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल =	२।	३५।	३९
तिथिपराख्य =	+	१२।	२५
स्पष्टतिथ्यन्तकाल =	२।	४८।	४

यताबाट ज्येष्ठशुक्ल प्रतिपदाको समाप्ति सोमवार ४८ घडी ४ पला बितेपछि हुने देखियो। लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

न.	क.
४।	१४८·९

यसको अर्थ चारौँ नक्षत्र रोहिणी गतनक्षत्र हो, पाँचौँ मृगशिराको १४८·९ कला भुक्त भयो भन्ने हुन्छ। तर इष्टनक्षत्र रोहिणी भएकोले सो नक्षत्र ल्याउनुपर्‍यो। अघिल्लो दिनको मध्यम गणना यस प्रकारको छ—

तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
	वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
ज्येष्ठकृष्ण औँसी	१।	३६।	३५	४।	२९·६	१०।	२४·८	३।	१७०.७

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको—

	रा.	अ.
उपकरण चन्द्रमन्दकेन्द्र =	४।	२९·६

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र			चन्द्रमन्दफल
रा.	अं.		कला
४।	२९	=	+ १५५·२
४।	३०	=	+ १५०·७
अन्तर		=	− ४·५

अन्तर	− ४·५	+ १५५·२
शेष	× ·६	−२·७
	− २·७०	+ १५२·५

∴ चन्द्रमन्दफलकला = + १५२·५

५ कोष्ठबाट चन्द्रगतिकला = ८४७

नक्षत्र ल्याएको—

न.	क.
३।	१७०·७

यसको अर्थ तेस्रो नक्षत्र कृत्तिका गतनक्षत्र हो, चारौँ नक्षत्र रोहिणीको १७०·७ कला भुक्त भयो भन्ने हुन्छ। मध्यमतिथ्यन्तकालमा रोहिणीको भुक्तकाल (नक्षत्रपराख्य) ल्याएको—

रोहिणीको भोग्यकला (८००—१७०·७) = ६२९·३ (धनात्मक)

चन्द्रमन्दफलकला = + १५२·५

रोहिणीको स्पष्टभुक्तकला = + ७८१·८

$$\text{नक्षत्रपराख्य} = \frac{\text{रोहिणीको स्पष्टभुक्तकला} \times ६०}{\text{चन्द्रगतिकला}} = \frac{७८१·८ \times ६०}{८४७} = \frac{४६९०८}{८४७} = ५५·३८$$

	घ.	प.	
∴ नक्षत्रपराख्य =	+ ५५।	२३	(स्वल्पान्तरले)

CC-0. Nepal Sanskrit Academy, Kathmandu


```
८४७) ४६९०८ (५५·३८
     ४२३५
     ----
     ४५५८
     ४२३५
     ----
      ३२३०
      २५४१
      ----
       ६८९०
       ६७७६
       ----
        ११४
```

		वा	घ.	प.
मध्यमतिथ्यस्तकाल	=	११	३६।	३५
नक्षत्रपराध्य	=	+	५५।	२३
रोहिणी नक्षत्रको समाप्ति	=	२।	३१।	५८

यताबाट रोहिणी नक्षत्रको समाप्ति सोमवार ३१ घडी ५८ पलामा हुने भयो। लङ्काको मध्यमसूर्योदय-कालदेखि बितेको समय यो हो।

अब काठमाडौँको समय ल्याइन्छ।

रेखान्तरसंस्कार ल्याएको—

रेखादेशबाट काठमाडौँ ९२ योजन पूर्वमा छ। यस कारण

काठमाडौँको रेखान्तर = ९२—$\frac{1}{4}$ स्व = ९२— $\frac{९२}{४}$ = ९२—२३ = ६९ पला

रेखादेशबाट काठमाडौँ पूर्वमा भएको हुनाले काठमाडौँमा रेखान्तर समय धनात्मक हुन्छ।

भुजान्तरसंस्कार ल्याएको—

		रा.	अं.
उपकरण सूर्यमन्दकेन्द्र	=	१०।	२५·८

६ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा.	अं.		भुजान्तर पला
१०।	२५	=	— ११·२
१०।	२६	=	— ११·०
अन्तर		=	+ ०·२

अन्तर + ०·२ × शेष ·८ = + ०·१६

— ११·२ + ·२ = — ११·०

∴ भुजान्तरसंस्कारपला = — ११

अयनांश ल्याएको—

अयनांश = $\frac{\text{शकसंवत्} — ४४४}{६०}$ = $\frac{३२०—४४४}{६०}$ = $\frac{— १२४}{६०}$ = — २·०७ (स्वल्पान्तरले)

$\frac{\text{सूर्यमन्दफलकला}}{६०}$ = $\frac{७३·६६}{६०}$ = १·२३ (स्वल्पान्तरले)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

		रा.	अं.
सूर्यमन्दकेन्द्र	=	१०।	२५·८
सूर्यमन्दोच्च	=	२।	१८
सूर्यमन्दफल	=	।	१.२३
स्पष्टसूर्य	=	१।	१५·०३
अयनांश	=		—२·१
सायनस्पष्ट सूर्य	=	१।	१२·९३

चर ल्याएको—

		रा.	अं.	
उपकरण सायनस्पष्टसूर्य	=	१।	१३	(स्वल्पान्तरले)

६ कोष्ठबाट १ अङ्गुल पलभा भएको देशको चरपला = + १३·४

काठमाडौंको अङ्गुलात्मक पलभा = ६·२

काठमाडौंको चरपला = + १३·४ × ६·२ = + ८३ (स्वल्पान्तरले)

		घ.	प.
रेखान्तर	=	+ १।	९
भुजान्तर	=	— ०।	११
चर	=	+ १।	२३
त्रिफलसंस्कार	=	+ २।	२१

यस कारण लङ्काको मध्यमसूर्योदयकाल र काठमाडौंको स्पष्टसूर्योदयकालको अन्तर (त्रिफलसंस्कार) धन २ घडी २१ पला हुन्छ।

		ज्येष्ठशुक्ल प्रतिपदाको समाप्तिकाल			रोहिणी नक्षत्रको समाप्तिकाल		
		वा.	घ.	प.	वा.	घ.	प.
लङ्काको मध्यमसूर्योदयदेखि बितेको समय	=	२।	४८।	४	२।	३१।	५८
त्रिफलसंस्कार	=	+	२।	२१	+	२।	२१
काठमाडौंको स्पष्टसूर्योदयदेखि बितेको समय	=	२।	५०।	२५	२।	३४।	१९

यति गणनाबाट—

विक्रमसंवत् ४५५ शकसंवत् ३२० ज्येष्ठशुक्ल

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला
प्रतिपदा	सोम	५०।	२५	रोहिणी	३४।	१९

यस दिन १५ घडी १७ पलादेखि १७ घडी २८ पलासम्म अभिजित् मुहूर्त रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(दुइ)

वि. सं. ४८२ शकसंवत् ३४७

वर्षगण = इष्टशकसंवत् — १८०० = ३४७—१८०० = — १४५३

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
			वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
	१०००	२४	४।	५६।	८	९।	१९·५	११।	२९·२	२१।	४३१·४
	४००	१५	५।	३५।	१	३।	१८·१	११।	२९·१	१३।	३४५·६
	५०	१३	६।	४२।	०	९।	११·९	११।	२९·८	११।	५४५·९
	३	३	३।	३५।	५	९।	३·८	११।	२९·८	२।	५४८·७
	१४५३	२५	६।	४८।	१४	७।	२३·३	११।	२७·९	२२।	२७१·६
क्षेपक	१८००	१२	१।	१८।	१०	५।	२२·७	९।	१२·२	१०।	६५२·०
वर्षगणको गति	—१४५३	२५	६।	४८।	१४	७।	२३·३	११।	२७.९	२२।	२७१·६
शक ३४७ को ध्रुव	३४७	१७	१।	२९।	५६	९।	२९·४	९।	१४·३	१५।	३८०·४

तिथिगण = ६०

ध्रुवतिथि = १७

६० — १७ = ४३

	तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
		वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
१ कोष्ठबाट आएको वर्षादिको ध्रुव	१७	१।	२९।	५६	९।	२९·४	९।	१४·३	१५।	३८०·४
२ कोष्ठबाट {	४०	४।	२२।	२७	५।	४·४	१।	८·८	११।	७२८·४
	३	२।	५७।	११	१।	८·६	०।	२·९	२।	७३४·६
ज्येष्ठकृष्ण औंसी	६०	१।	४९।	३४	४।	१२·४	१०।	२६·०	३।	२४३·४

		कला			घ.	प.
चन्द्रमन्दफल	=	+ २२२·५	तिथिपराख्य	=	+ २२।	५०
सूर्यमन्दफल	=	+ ७३·३	नक्षत्रपराख्य	=	+ ५६।	३
चन्द्रगति	=	८३४	चर	=	+ १।	२४
सूर्यगति	=	५७	त्रिफलसंस्कार	=	+ २।	२२

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४९।	३४
तिथिपराख्य	= +		२२।	५०
त्रिफलसंस्कार	= +		२।	२२
		२।	१४।	४६

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४९।	३४
नक्षत्रपराख्य	= +		५६।	३
त्रिफलसंस्कार	= +		२।	२२
		२।	४७।	५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यति गणनाबाट—

विक्रमसंवत् ४८२ शकसंवत् ३४७ ज्येष्ठकृष्ण

तिथि	वार	घडी पला	नक्षत्र	घडी पला
औँसी	सोम	१४ । ४६	रोहिणी	४७ । ५९

यस दिन १४ घडी ४६ पलासम्म औँसी रहन्छ, त्यसपछि ज्येष्ठशुक्ल प्रतिपदा लाग्छ ।

यस दिन १५ घडी १७ पलादेखि १७ घडी २८ पलासम्म अभिजित् मुहूर्त रहन्छ ।

(तीन)

वि. सं. ४९९ शकसंवत् ३६४

वर्षगण = इष्टशकसंवत् — १८०० = ३६४—१८०० = — १४३६

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि वा.	घ.	प.	चन्द्रकेन्द्र रा.	अं.	सूर्यकेन्द्र रा.	अं.	नक्षत्र न.	क.
	१०००	२४	४।	५६।	८	९।	१९·५	११।	२९·२	२१।	४३१·४
	४००	१५	५।	३५।	१	३।	१८·१	११।	२९·१	१३।	३४५·६
	३०	१	१।	४९।	५७	७।	२०·८	११।	२९·१	०।	६६५·०
	६	६	०।	१०।	११	६।	७·६	११।	२९·६	५।	२९७·४
	१४३६	१६	५।	३१।	१७	३।	६·०	११।	२७·०	१४।	१३९·४
क्षपक	१८००	१२	१।	१८।	१०	५।	२२·७	९।	१२·२	१०।	६५२·०
वर्षगणको गति	-१४३६	१६	५।	३१।	१७	३।	६·०	११।	२७·०	१४।	१३९·४
शक ३६४ को ध्रुव	३६४	२६	२।	४६।	५३	२।	१६·७	९।	१५·२	२३।	५१२·६

तिथिगण= ६१

ध्रुवतिथि= २६

६१—२६= ३५

	तिथि	वारादि वा.	घ.	प.	चन्द्रकेन्द्र रा.	अं.	सूर्यकेन्द्र रा.	अं.	नक्षत्र न.	क.
१ कोष्ठबाट आएको वर्षादिको ध्रुव	२६	२।	४६।	५३	२।	१६·७	९।	१५·२	२३।	५१२·६
२ कोष्ठबाट	३०	१।	३१।	५०	०।	२५·८	०।	२९·१	३।	१४६·३
	५	४।	५५।	१८	२।	४·३	०।	४·९	४।	६९१·०
ज्येष्ठशुक्ल प्रतिपदा	६१	२।	१४।	१	५।	१६·८	१०।	१९·२	३।	५४९·९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

		कला
चन्द्रमन्दफल	=	+ ६९·१६
सूर्यमन्दफल	=	+ ८४·५४
चन्द्रगति	=	८५५
सूर्यगति	=	५७

		घ.	प.
तिथिपराख्य	=	+ ११।	३३
नक्षत्रपराख्य	=	+ २२।	२४
चर	=	+ १।	१३
त्रिफलसंस्कार	=	+ २।	९

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	१४।	१
तिथिपराख्य	=	+	११।	३३
त्रिफलसंस्कार	=	+	२।	९
		२।	२७।	४३

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	१४।	१
नक्षत्रपराख्य	=	+	२२।	२४
त्रिफलसंस्कार	=	+	२।	९
		२।	३८।	३४

यति गणनाबाट—

विक्रमसंवत् ४९९ शकसंवत् ३६४ ज्येष्ठशुक्ल

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला
प्रतिपदा	सोम	२७	४३	रोहिणी	३८	३४

यस दिन १५ घडी १० पलादेखि १७ घडी २० पलासम्म अभिजित् मुहूर्त रहन्छ।

(वार)

वि. सं. ५२६ शकसंवत् ३९१।

वर्षगण = इष्टशकसंवत् — १८०० = ३९१—१८०० = १४०९

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.
	१०००	२४	४। ५६। ८	९। १९·५	११। २९·२	२१। ४३१·४
	४००	१५	५। ३५। १	३। १८·१	११। २९·१	१३। ३४५·६
	९	९	३। ४५। १६	३। ११·४	११। २९·४	८। ४६·१
	१४०९	१८	०। १६। २५	४। १९·०	११। २७·७	१६। २३·१
क्षेपक	१८००	१२	१। १८। १०	५। २२·७	९। १२·२	१०। ६५२·०
वर्षगणको गति	−१४०९	१८	०। १६। २५	४। १९·०	११। २७·७	१६। २३·१
शक ३९१ को ध्रुव	३९१	२४	१। १। ४५	१। ३·७	९। १४·५	२१। ६२८·९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिथिगण = ६१
ध्रुवतिथि = २४
६१—२४ = ३७

	तिथि	वारादि वा.	घ.	प.	चन्द्रकेन्द्र रा.	अं.	सूर्यकेन्द्र रा.	अं.	नक्षत्र न.	क.
१ कोष्ठबाट आएको वर्षादिको ध्रुव	२४	१।	१।	४५	१।	३·७	९।	१४.५	२१।	६२८·९
२ कोष्ठबाट	३०	१।	३१।	५०	०।	२५·८	०।	२९·१	२।	१४६·३
	७	६।	५३।	२५	३।	०·०	०।	६·८	६।	६४७·५
ज्येष्ठशुक्ल प्रतिपदा	६१	२।	२७।	०	४।	२९·५	१०।	२०·४	३।	६२२·७

		कला
चन्द्रमन्दफल	=	+ १५२·९५
सूर्यमन्दफल	=	+ ८३·४२
चन्द्रगति	=	८४७
सूर्यगति	=	५७

		घ.	प.
तिथिपराख्य	=	+ १७।	५७
नक्षत्रपराख्य	=	+ २३।	२३
चर	=	+ १।	१६
त्रिफलसंस्कार	=	+ २।	१२

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	२७।	०
तिथिपराख्य	= +		१७।	५७
त्रिफलसंस्कार	= +		२।	१२
		२।	४७।	९

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	२७।	०
नक्षत्रपराख्य	= +		२३।	२३
त्रिफलसंस्कार	= +		२।	१२
		२।	५२।	३५

यति गणनाबाट—

विक्रमसंवत् ५२६ शकसंवत् ३९१ ज्येष्ठशुक्ल

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला
प्रतिपदा	सोम	४७	९	रोहिणी	५२	३५

यस दिन १५ घडी १० पलादेखि १७ घडी २० पलासम्म अभिजित् मुहूर्त रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पाँच)

वि. सं. ५५३ शकसंवत् ४१८

वर्षगण = इष्टशकसंवत् — १८०० = ४१८—१८०० = — १३८२

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि वा.	घ.	प.	चन्द्रकेन्द्र रा.	अं.	सूर्यकेन्द्र रा.	अं.	नक्षत्र न.	क.
	१०००	२४	४।	५६।	८	९।	१९·५	११।	२९·२	२१।	४३१·४
	१००	१८	५।	११।	५८	८।	११·४	११।	२८·६	१६।	७५·६
	८०	१५	२।	३१।	०	५।	१५·६	११।	२९·८	१३।	३८९·१
	२	२२	२।	२३।	२३	६।	२·५	११।	२९·९	१९।	६३२·५
	१३८२	१९	१।	२।	२९	५।	१९·०	११।	२७·५	१६।	७२८·६
क्षेपक	१८००	१२	१।	१८।	१०	५।	२२·७	९।	१२·२	१०।	६५२·०
वर्षगणको गति	−१३८२	१९	१।	२।	२९	५।	१९·०	११।	२७.५	१६।	७२८·६
शक ३४७ को ध्रुव	४१८	२३	०।	१५।	४१	०।	३·७	९।	१४·७	२०।	७२३·४

तिथिगण = ६१

ध्रुवतिथि = २३

६१—२३ = ३८

	तिथि	वारादि वा.	घ.	प.	चन्द्रकेन्द्र रा.	अं.	सूर्यकेन्द्र रा.	अं.	नक्षत्र न.	क.
१ कोष्ठबाट आएको वर्षादिको ध्रुव	२३	०।	१५।	४१	०।	३·७	९।	१४·७	२०।	७२३·४
२ कोष्ठबाट	३०	१।	३१।	५०	०।	२५·८	०।	२९·१	२।	१४६·३
२ कोष्ठबाट	८	०।	५२।	२८	३।	१२·९	०।	७·८	७।	६२५·७
ज्येष्ठशुक्ल प्रतिपदा	६१	२।	३९।	५९	४।	१२·४	१०।	२१·६	३।	६९५·४

		कला
चन्द्रमन्दफल	=	+ २२२·५
सूर्यमन्दफल	=	+ ८१·३२
चन्द्रगति	=	८३४
सूर्यगति	=	५७

		घ.	प.
तिथिपराख्य	=	+ २३।	२८
नक्षत्रपराख्य	=	+ २३।	३२
चर	=	+ १।	१९
त्रिफलसंस्कार	=	+ २।	१६

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	३९।	५९
तिथिपराख्य	=	+	२३।	२८
त्रिफलसंस्कार	=	+	२।	१६
		३।	५।	४३

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	२।	३९।	५९
नक्षत्रपराख्य	=	+	२३।	३२
त्रिफलसंस्कार	=	+	२।	१६
		३।	५।	४७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यति गणनाबाट—

विक्रमसंवत् ५५३ शकसंवत् ४१८ ज्येष्ठशुक्ल

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला
प्रतिपदा	सोम	६० ।	०	रोहिणी	६० ।	०
प्रतिपदा	मङ्गल	५ ।	४३	रोहिणी	५ ।	४७

यस दिन (सोमवार) प्रतिपदा ६० घडी ० पला तथा रोहिणी ६० घडी ० पला भोग गरी भोलिपल्ट मङ्गलवार प्रतिपदा ५ घडी ४३ पला तथा रोहिणी नक्षत्र ५ घडी ४७ पलासम्म रहन्छन् ।

सोमबार १५ घडी १७ पलादेखि १७ घडी २८ पलासम्म अभिजित् मुहूर्त रहन्छ ।

शङ्करमान राजवंशीज्यू ! माथि गणना गरी देखाइएका बर्षमध्ये वि. सं. ४९९ मात्र प्रामाणिक हो भनेर कसरी मान्ने ? तपाईंले मेरो यो प्रश्नको चित्तबुझ्दो उत्तर स्वदेश तथा विदेशका यस विषयका विशेषज्ञ विद्वान्हरू समक्ष राखिदिनुपर्‍यो ।

□

श्री ५ रणबहादुर शाहले लक्ष्मीनारायण भण्डारीलाई गरिदिएको अप्रकाशित पत्र

—दिनेशराज पन्त

नुवाकोटमालकार्यालयमा थानसिङ छापथोक बस्ने चिरञ्जीवी उपाध्यायले पेश गरेको निवेदनमा यस पत्रको नकल छ । तर मूल पत्रबाट प्रतिलिपि गर्नेले धेरै नै अशुद्धि गरेको देखिन्छ । उदाहरणको रूपमा विराजको ठाउँमा राज, विजयिनाम्को ठाउँमा फोजयेनाम्, आशीर्वादको अशुद्ध रूप आसीरवादको ठाउँमा आसीरमद मुकामको ठाउँमा फोकाम लेखिएको देखाउनु नै पर्याप्त होला । वि. सं. २०३८ मा यो पत्र संग्रह गर्दा सारी सहयोग गर्ने श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ ।

श्री

१. स्वस्ती श्रीगीरीराजचक्रचुडामणीनरनारायणेत्यादीवीवीधवीरुदावलीराजमानोनत-
२. स्त्रीमन्महाराजधीराजश्रीश्रीश्रीमाहाराजरणबाहादुरसाहाबहादुरसम्सेरजंग-
३. देवानाम सदा समरफोजयेनाम् — —
४. आग्ये लक्ष्मीनारायण उपाध्या भडारीके डाडागाउमा पुर्व सिधुल्या पोलो दर्षो नरामनीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. ठुलो षोल्सो पश्चीं भडारीको र नेपालको साध उतर षोलोको दोभान् यती साधभीत्रको बा-
६. रुो जंगल घडचारी बक्सौं. आफ्ना षातीरजामासीत बनाई बस. हामीलाई आसीर-
७. मब दिने गर. इती संम्वत् १८३७ साल पौषवदी ५ रोज ७ मोकाम कान्तीपूर सुभ

श्री ५ रणबहादुर शाहका तीनवटा अप्रकाशित लालमोहर

—दिनेशराज पन्त

(१ सङ्ख्या)

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि-
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणब-
३. हादूरसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनां
४. आगे सर्वानन्द पांडेके रिन्दि षोलाका जुडि षेतमध्ये वाम भट्ट-
५. हातबाट पञ्याका रुपैया एक् सय सात् १०७ बक्स्यौं. षातिर्जा-
६. मासित आफनु चलन गर. इति सम्वत् १८३६ साल् श्रावणशु-
७. दि ९ रोज ६ मुकाम कान्तिपूर शुभम्

(पछिल्तिर)

मार्फत काजी वंसराज पांडे

काजी अभिमानसिंह

(२ सङ्ख्या)

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदा-
२. वलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे (रण)-
३. बहादूरसाहबहादूरसंम्सेर्जङ्गदेवानाम् सदा समरविजयीनाम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीसर्वानन्द पाडेके यथोचि(त)-
५. पूर्वकपत्रमिदं. इहां कुसल. तांहां कुसल चाहिये. आगे इं हांको समाचा(र)
६. भलो छ. उप्रांत हाम्रा घरका सुभचिंतक भला मानिस् हौ. घायको काज(को)
७. प्रबंध तांहां भरभारालाइ समुझाउला हाम्रा हजूर पनि बिंति ग(रि पठा)-
८. उला भनि तिमिलाइ लस्कर पठायाको हो. तिमि गयाको एति दिन भ(यो त)
९. पनि केही बिंति गरि पठायुन. तांहां भारादारसित बस्उठ गरि सत्रु-
१०. लाइ थामि तिमि चाडो हजूर आव. घायको काजको मतो लि चाडै फिरि-
११. उला. इति सम्वत् १८३९ साल कार्त्तिकवदि १० रोज ५ शुभम्

(३ सङ्ख्या)

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि-
२. विधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महारा-
३. जाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादू-
४. र्स्सेर्जङ्गदेवानां सदा समरविजयीनाम् ———
५. आगे सर्वानंद पांडेको बिर्ता बांधा लम्तर्जुङले हा-
६. म्रा पक्ष लाइ षायाको जति हो. सबै बक्स्युं. तार्कुको षे-
७. त कुंग्या आंव मुरि एक सय असि १८० डिहिमुनिको
८. षेत मुरि असि ८० तेस्को लगापातसमेत् यति बिर्ता
९. औ तार्कुको टिंबुन्या षेत मुरि एक सय साठि १६० फेरि
१०. कुनु षेत मुरि एक सय बिस १२० काल्ह्या षेत मुरि सा-
११. ठि ६० तेस्को लगापातसमेत एति बांधा बिर्ता जम्मा
१२. तेन्ह बिश २६० बाधा जम्मा सत्र बिस ३४० बक्स्यौं. षा-
१३. तिर्जामासित भोग्य गर. संवत् १८४२ साल अगहनवदि
१४. १२ रोज २ मुकांम काठमाडौ शुभम् ——— ———

(पछिल्तिर)

मार्फत काजि शिव साहा दामोदर पाडे

रजु काजि अभिमानसिंह

(यी तीनैवटा लालमोहरका सकल गोरखा धुर्वाकोट पांडेवेंसी बस्ने श्रीअनन्तबहादुर पांडेको सङ्ग्रहमा छन् । वि. सं. २०३७ मा यी लालमोहरको प्रतिलिपि लिंदा सारी सहयोग गर्ने श्रीऐश्वर्यधर शर्मालाई धन्यवाद छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पूर्णिमा ६४ अङ्कको १२ पृष्ठपछि)

ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

नेपालको संक्षिप्त इतिहास

सम्पादक –देवीप्रसाद भण्डारी

सत्ताइसौँ परिच्छेद

भीमसेन थापाको मुखत्यारी, भयङ्कर हत्याकाण्ड, काँगडाको असफल युद्ध र बाह्रठकुराईको विद्रोहदमन (ई. सं. १८०६–११)[1]

१। बनारसबाट फर्केर रणबहादुर शाहले मुख्य चौतरिया बनाएका शेरबहादुर शाह र हजुरिया मन्त्री बनाएका भीमसेन थापाका बीचमा एक वर्षसम्म मेलमिलाप रह्यो। रणबहादुर शाहले भीमरुद्र शाह आदिको दुर्दशा गराई तिनीहरूको घर–खेत भीमसेन थापा र रङ्गनाथ पण्डितज्यूलाई बाँडिदिँदा शेरबहादुर शाह सावधान भएर भीमसेन थापाका विरुद्धमा लागे। उनले आफ्ना पक्षका दुइ काजी नरसिंह गुरुंग र त्रिभुवनसिंहलाई मिलाई एक दल खडा गरे। अघि उनका पक्षमा रहेका दुइ काजी रणजित् पाँडे र बख्तवारसिंह बस्न्यात भीमसेन थापाका नातादार हुनाले यिनैसँग मिले। शेरबहादुर शाहको दल कमजोर भए तापनि यिनलाई रणबहादुर शाहले प्यारो गर्ने गरेका हुनाले भीमसेन थापाले एक वर्षसम्म यिनको बिगार गर्न सकेका थिएनन्। भीमसेन थापाका रिसले रणबहादुर शाहलाई नै पक्रेर नजरबन्दमा राखी राज्यका शासनको बागडोर आफ्ना हातमा लिने अठोट शेरबहादुर शाहले गरे। भीमसेन थापाले यस षड्यन्त्रको गन्ध पाएर रणबहादुर शाहलाई सम्झाउँदा ई. सं. १८०६ का मार्चका मध्यमा[2] तिनले त्रिभुवनसिंहलाई पक्रेर ४० दिनसम्म थुनी खारखेर गर्दा सबूत नपाई छोडिदिए।

तर शङ्का नमेटिएको हुनाले शेरबहादुर शाहलाई राजधानीबाट हटाउनाका निमित्त २५ अप्रिलका दिन[3] भारादारीमा आज्ञा सुनाउने अठोट गरे। तर एक रात बिताउन कठिन हुँदा अघिल्लै दिन साँझमा कीर्तिमानसिंह बस्न्यातका घरमा निमन्त्रणा मान्न गएका समयमा भारादारी बोलाए। बस्न्यात काजीका घरसँग जोरिएका त्रिभुवनसिंहका घरमा रणबहादुर शाहको सत्कार गर्ने बैठक तयार गरिएको थियो। शेरबहादुर शाह नआउँदा

१. वि. सं. १८६२–१८६८। २. वि. सं. १८६२ को चैत्रको आरम्भमा। ३. वैशाख १५ गते।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रणबहादुर शाहले बोलाउन मानिस पठाए, नआए पक्रेर ल्याउनू भन्ने आज्ञा दिए। शेरबहादुर शाह विलम्ब गरेर आउँदा रणबहादुर शाह रिसाएर लाललाल आँखा गरी जागेर "लडाईंका मैदानमा जा" भन्ने आज्ञा दिए। "हजूर र म एउटै बुबाका छोरा, हजूर गए म पनि जाउँला" भनी शेरबहादुर शाहले उत्तर दिँदा आधा घण्टासम्म कुर्लेर गालीको वर्षाद गरी ज्यान लिने हुकूम दिए। शेरबहादुर शाहले शान्त भएर एकान्त पाए षड्यन्त्रको भेद खोल्दछु भनी रणबहादुर शाहलाई झुक्याए। मञ्जूरी दिएर अरु भारादारलाई पर हटाउँदा शेरबहादुर शाहले रणबहादुर शाहका कानमा मुख जोरी जामाभित्र लुकाई लगेको छुरी उनका पेटमा घोपिदिए। रणबहादुर शाह चिच्याउँदा रातको दश बजेको थियो। बालनरसिंह राणा दौडेर आई शेरबहादुर शाहलाई काटिदिए। यस समयमा भीमसेन थापा बाहिर गएका थिए। खलबल सुन्नेबित्तिकै रक्तले मुछिएका रणबहादुर शाहलाई बम शाहका साथ मरणघाटमा पठाए। बिहान भएपछि यिनले यस संसारलाई छोडिदिए। यस समयमा यिनको उमेर केवल ३१ वर्षको थियो।

२। घटनास्थलमा भीमसेन थापा पुग्दा बडो भयङ्कर दृश्य थियो। रणबहादुर शाहको अन्त्य समय देखेर रणजित् पाँडे आदि भारादार आत्तिएका थिए। शेरबहादुर शाह मारिँदा यिनका पक्षपाती त्रिभुवनसिंह आदिको होश उडेको थियो। सबैका कम्मरमा तरवार र खुकुरी हुनाले आत्मरक्षाका निमित्त हानाहान गर्न तयार थिए। यस अवस्थामा भीमसेन थापाले शान्तभाव लिई सबैलाई सम्झाएर आधा रातमा राजभवनमा ल्याई त्रिभुवनसिंहका हातबाट पत्र लेखाएर राज्यभरमा यस दुर्घटनाको खबर पठाए। अर्कोतिर राजभवनमा रहेका गारद सैनिकहरूद्वारा तोप थाँदेर राजभवन घेरी बालक महाराज गीर्वाणका रक्षाको प्रबन्ध मिलाएर त्रिभुवनसिंह आदिलाई घर जान दिए। महारानी विद्यालक्ष्मीलाई रणबहादुर शाहले हेलमु भन्ने हिमालका स्यार्पाका बस्तीमा पठाएर कैद गरी राखेका थिए। यिनलाई ल्याउन भनी भीमसेन थापाले सवार दौडाए। भोर भएपछि नजरबन्दमा रहेका विदुर शाहलाई राजभवनका बगैंचामा ल्याएर कटाए। यिनका र शेरबहादुर शाहका बालक छोराहरूको बेरहमीसँग ज्यान लिए। नजीकका गढी–गौँडामा रहेका सैनिक झिकाएर तीन दिनका बीचमा काठमाडौँ शहरको रक्षाको प्रबन्ध मिलाई त्रिभुवनसिंह, नरसिंह गुरुंग र यिनका भाइछोराहरूलाई समेत पक्री ल्याएर राजभवनका बगैंचामा कटाए। यसै दिन पाल्पाली राजा पृथ्वीपाल सेन र यिनका साथमा रहेका भाइभारादार नोकरानसमेत गेह्र पाल्पालीलाई उसै थलामा कटाए। यिनका दीवान कनकनिधि तेवारी र प्रतिनिधि तेवारी ब्राह्मण हुनाले मुडेर लखेटे। यिनीहरूले पृथ्वीपाल सेनकी विधवा रानी र उनका बालक छोराहरूलाई रातारात खबर पठाएर नवलोलमा झिकाई बचाए। भीमसेन थापाले शेरबहादुर, विदुर शाह आदि काटिनेका रानी–मुख्यानी र छोरी–बुहारीहरूसमेत अछूत जातलाई बाँडिदिए। यी काटिनेहरूका लाश बडो दुर्दशासँग गल्लीगल्ली घिसार्न लगाई शहरबाहिरका नदीका किनारामा फालेर कुकुर–गिद्धको भोजन गराए। तेस्रा खेपमा खजाञ्ची जगन आदिलाई त्यसै नदीका किनारामा लगेर कटाए। तीन खेपमा गरी ४५ जना जति काटिए, १०० जना जति हूलमा जोगिएर भागे। कटुवा–भगुवाहरूको सर्वस्व लिएर भीमसेन थापाले राजकोश भरे। यी सबैका उपर रणबहादुर शाहका हत्याको अपराध लगाएका थिए। वास्तवमा आफ्ना विरोधी पक्षको निर्मूल गर्ने उद्देश्य लिएर यो हत्याकाण्ड मच्चाएका थिए।

रणबहादुर शाहले पृथ्वीपाल सेनकी बहिनीको अनादर गरी ई. सं. १८०४ का अप्रिल–मईमा[४] दुइ विवाह गरेर

४. वि. सं. १८६१ को वैशाख–ज्येष्ठमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिपुरी नाम भएकी एउटी रानीलाई ललितत्रिपुरसुन्दरी भन्ने नाम फर्माई पटरानी बनाएका थिए। भीमसेन थापाले बालक महाराज गीर्वाणकी रक्षिका यिनैलाई बनाएर यिनैका मुखबाट राजाज्ञा निकाल्ने र गीर्वाणका नामबाट आज्ञापत्र जारी गर्ने नियम गरी राज्यका हर्ताकर्ता आफू बने। आफ्ना विरोधी पक्षकी विद्यालक्ष्मीलाई यस संसारमा रहन दिँदा खतरा पर्ने सम्भव देखेर तिनलाई रणबहादुर शाहका लोथका साथ पोलिदिन बोलाएका थिए। उनी नवौँ दिन काठमाडौँदेखि ७ माइल[५] पर साँखुनामक गाउँमा आइपुगेर चौध जना केटी सुसारेका साथ सती भइन्। काठमाडौँमा उत्रेपछि आफ्नो प्रभाव जमाएर राजकाजमा दखल देलिन् भन्ने दहसत लिएर भीमसेन थापाले रणबहादुर शाहको लोथ आठ दिन बासी राखी त्यति टाढा लगेर विद्यालक्ष्मीलाई मारेका थिए। तर यी वीरा रानी शुद्ध मनले सती भएकी थिइन्। यीपछि पृथ्वीनारायण शाहकी छोरी सल्ल्यानी रानी विलासवतीको पालो आयो। यिनी ससुरा र पतिको परलोकवास भएपछि छोरा रघुनाथ शाहलाई लिएर काठमाडौँमा रहेकी थिइन्। भीमसेन थापाले सल्ल्यानाको अत्यन्त सानो टुक्रा फलावांग यिनका भत्ताका रूपमा छोडेर सल्ल्यानाको रियासत (दाङसमेत) जफत गरी नेपालराज्यमा मिलाए।

३। रणबहादुर शाह अग्ला, मोटा र गोरा सुन्दर पुरुष थिए। आफूलाई मनुष्यभन्दा माथिल्ला श्रेणीका अतिमनुष्यमा गन्दथे। कुमार अवस्थामा शिक्षा र विनय केही नपाएका हुनाले मूर्खहरूका सङ्गतमा रहन्थे। कातर स्वभाव हुनाले घोडा चढ्न डराई नरवाहन भएर डुल्दथे। राज्यका काममा पृथ्वीनारायण शाहका नीतिको विरुद्ध व्यवहार गर्दथे। उनले प्रजामा शान्ति कायम राख्नाका निमित्त लडाइँका समयमा पनि कसैको धनमाल हिनामिना हुन दिएका थिएनन्। यिनले यसतर्फ दृष्टि नदिँदा प्रजामा हैरानी फैलिएको थियो। यस अवस्थालाई याद गरेर डोटी, कुमाउँ र गढवालका बासिन्दाहरू आजसम्म पनि 'गोर्ख्याँल'को निन्दा गर्दछन्। उनले प्रजालाई धनी बनाउनका निमित्त शिल्पकला र व्यापार बढाउने नियम गरेका थिए। यिनका शासनकालमा यी दुवै थोकको नाश भइरहेको थियो। जुवाले उद्योगधन्दाको नाश गर्दछ भनेर उनले राज्यभरमा जुवा बन्द गरिदिएका थिए। यिनले यस रोगलाई फेरि जगाइदिए। उनले आफ्ना सन्तान र प्रजालाई परदेशी नटुवा–गवैयाहरू आएर नबरालून् भन्ने प्रयत्न गरेका थिए। यिनले परदेशी नटुवा–गवैयाहरूलाई झिकाएर नाचगानको रस लिने गरेका थिए। सितार बजाउनामा सिपालु पनि बनेका थिए। उनी पात्रको विचार गरी परिमित दान दिन्थे। यिनी पात्र–कुपात्रको विचारै नगरी हदभन्दा ज्यादा धन जमीन बाँडिदिन्थे। आफ्ना भारादार र सैनिकहरूलाई नमार्नू भन्ने नियम उनले गरेका थिए। यिनले दामोदर पाँडे आदि योग्य भारादारको पनि ज्यान लिए। यसै घातक स्वभावले गर्दा यिनको पनि ज्यान जाने भय देखेर विद्यालक्ष्मी र यिनलाई दामोदर पाँडेले नजरबन्दमा राख्ने यत्न गरेका थिए। यो यत्न सफल नहुँदा दामोदर पाँडेले आफ्ना अन्तिम समयमा भनेका थिए— "आज भारादार भोलि राजा।" विद्यालक्ष्मीले ता रणबहादुर शाहका हत्याको अपराध भीमसेन थापाका उपर लगाएकी थिइनन्। भीमसेन थापाले नै छाडा गरेर उन्मत्त गराइदिँदा मेरा राजाको यो दशा भयो भनी चितामा चढ्दा तिनलाई श्राप दिएकी थिइन्।

४। रणबहादुर शाहका हत्यापछि भीमसेन थापाले जो मन्त्रिमण्डल बनाएका थिए, त्यसमा बनारसका साथी प्राण शाह आदि र रणजित् पाँडे, बखतवारसिंह बस्न्यात, रणध्वज थापा (बडा अमरसिंह थापाका छोरा) लाई समेत

---

५. ३ कोस।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिएका थिए । यिनको र शेरबहादुर शाहको हानथाप परेका समयमा बम शाहले दुवै पक्षलाई छोडेर तटस्थ नीति लिएका थिए । यसै अपराधमा भीमसेन थापाले यिनलाई मन्त्रिमण्डलबाट निकाल्नाका निमित्त रणबहादुर शाहलाई हात लिई पहिले यिनका भाइ हस्तदल शाह र यिनका पक्षपाती सर्दार अङ्गद थापालाई अयोग्यताको दोष लगाएर बर्खासीको आज्ञा पठाएका थिए । काठमाडौँबाट काँगडासम्म पत्र पुग्न ४० दिन जति लाग्दथ्यो । यो पत्र नपुग्दै महालमोरीका लडाइँपछि हण्डूरका राजा रामशरणसिंहले तराईबाट सैनिक ल्याई रामगढ दखल गर्दा नालागढमा रहेका थोरै गोरखाली सैनिकले हण्डूर बचाउन नसक्ने देखेर काँगडाबाट जसपाउ थापा र अङ्गद थापाका साथ हस्तदल शाहले सैन्य लगेर रामशरणसिंहका सैनिकलाई तहसनहस पारेका थिए । यसै अवस्थामा आफ्ना बर्खासीको पत्र पाएर हस्तदल शाह र अङ्गद थापा काठमाडौँतिर आएका थिए ।

काठमाडौँको हत्याकाण्डको समाचार पुगेर पश्चिमपट्टि अशान्ति फैलिँदा पाल्पामा रहेका अमरसिंह थापा (छोटा) ले प्युठाना–सल्यानासम्म शान्ति स्थापना गरे । डोटी, कुमाउँ र गढवालमा अराजकता फैलिने अवस्था परिसकेको थियो । भीमसेन थापाले बडो होशियारी गरी बम शाहलाई कुमाउँका हाकिम गराएर जूनमा[६] रमाना गरे । बाटैमा मरेका हस्तदल शाहलाई डोटीका र अङ्गद थापालाई गढवालका हाकिम गराएर पठाए । काठमाडौँका हत्याकाण्डदेखि भयभीत भएका बम शाहले अलमोडामा पुगेर लामो सास फेरे । डोटी र गढवालका हाकिमहरू आफन्त हुँदा तीनै प्रदेशमा चाँडै नै शान्ति स्थापना गरे । यिनदेखि कुमाउँका बासिन्दा प्रसन्न भएर 'राजा बम शाह' भन्न लागे ।

५। उता ज्वालाजीमा बसेर नयनसिंह थापा र अमरसिंह थापा (बडा) ले गुलेराका राजा भूपसिंहद्वारा चम्बा, नूरपुर, बिसोली, कटलेहर, जसबन, दतारपुर, सुकेत, सीबा र कल्लुका राजाहरूसँग संसारचन्दका विरुद्ध आफ्ना आश्रयमा लिई मञ्जूरीका निमित्त काठमाडौँमा साधक पठाएका समयमा रामशरणसिंहले हण्डूरमा आक्रमण गरेको र काठमाडौँमा हत्याकाण्ड मच्चिएको थियो । ठीक समयमा हण्डूरबाट शत्रुलाई हटाई जसपाउ थापा ज्वालाजीमा पुगे । काठमाडौँबाट ठीक समयमा साधकको उत्तर नपुगी हत्याकाण्डका विषयका उड्दा खबर पुग्दा नयनसिंह थापा र अमरसिंह थापासमेत चिन्तित भएर एक महीनासम्म बेकार रहे । जुलाईमा[७] बम शाह अलमोडामा पुगेपछि हत्याकाण्डको सच्चा खबर पुग्दा र साधकको मञ्जूरी पनि जाँदा नयनसिंह थापा निश्चिन्त भई काँगडाका किल्लामा आक्रमण गर्ने तजबीजमा लागे । यो किल्ला छ–सात माइलका[८] घेरामा वरिपरि डाँडाले घेरिएको अग्लो समथर भूमिमा थियो । यसका माथमा भवन भन्ने मैदानको बस्ती थियो । मन्दिर र मूल किल्लाका बीचमा मालकाँडा भन्ने डाँडाको बस्ती थियो । यस समयभन्दा हजार वर्ष पहिलेदेखि मूल किल्ला बन्दै आएको थियो । प्राकृतिक बनावटैबाट यो अभेद्य सम्झिएको थियो । यसका एकापट्टि व्यासानदी रहेको हुनाले त्यतापट्टिबाट शत्रु पस्न नसकून् भनेर त्यस नदीका किनाराबाट जग उठाई संसारचन्दले डेढ माइल जति[९] लामो गारो उठाई किल्लामा जोडेर अगम्य बनाइराखेका थिए । मूल किल्लाभित्र पस्ने केवल एउटा बाटो मालकाँडाबाट थियो ।

भीमसेन थापाका भाइ हुनाले नयनसिंह थापा मुख्य सेनापति बनेका थिए तापनि लडाइँको अनुभव नगरेका ठिटौला हुनाले किल्लामा आक्रमण गर्न हतपताइरहेका थिए । किल्लाका सिह्रानमा डिहिरा भन्ने एक गढी

---

६. ज्येष्ठ–आषाढमा ।   ७. आषाढ–श्रावणमा ।   ८. तीन कोसका ।   ९. पौने कोस जति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहेको थियो । त्यो दखल गर्न भक्ति थापाका साथ थोरै सैनिक खटाई सितम्बरका आरम्भमा[१०] नयनसिंह थापाले काँगडाको किल्ला घेरा दिए । डिहिरामा शत्रुको सैन्य आइलाग्दा भक्ति थापाले हराई त्यस गढीमा अधिकार गरे । काँगडाकिल्लामा १५ दिन जति घेरा दिएपछि मालकाँडा दखल गर्ने अठोट गरी २३ सितम्बर (नवरात्रका पहिला दिन) का[११] बिहान एकापट्टिबाट नयनसिंह थापाले र अर्कापट्टिबाट अमरसिंह थापाले आक्रमण गर्ने निधो गरे । नियत समयभन्दा पहिले नै भवनपट्टिबाट नयनसिंह थापाले मालकाँडामा गोरखाली सैन्य लगे । मूल किल्लाबाट निस्केका शत्रुको गोली लागेर घायल भई तिनी फर्के । अर्कापट्टिबाट अमरसिंह थापाले आक्रमण गर्दा नयनसिंह थापा हटिसकेका हुनाले शत्रुको फुर्ति बढिरहेको थियो । यस कारणले त्यस डाँडाका लडाइँमा शत्रुको जित भयो । दुवैपट्टि गरी ४ सय जति गोरखाली सैनिक खेत रहे, १ हजार जति घायल भए । शत्रुपक्षको पनि कम हानि भएको थिएन । तैपनि मालकाँडा दखल हुन नसक्ने देखेर अमरसिंह थापाले आफ्ना सैनिकहरूलाई फर्काई घायल-हरूलाई समेत डिहिरामा ल्याए । यहीँ १७ दिनपछि नयनसिंह थापाको देहान्त भयो ।

६। नयनसिंह थापा असाध्य घायल हुँदा युद्धसञ्चालनको काम अकेला अमरसिंह थापा (बडा) ले लिएर जरूरी डाँकबाट काठमाडौँमा खबर पठाउँदा महीना दिनभित्र आइपुग्यो । भीमसेन थापाले तिनका बदलामा अर्का भाइ अमृतसिंह थापालाई र यिनका सहायक गराई दलभञ्जन पाँडेलाई तुरुन्तै पठाए । युद्धको सञ्चालन गर्ने आँट नपुग्दा अमृतसिंह थापा फिरे तापनि दलभञ्जन पाँडे उहीँ अडिए । मालकाँडापट्टिबाट आक्रमण गरेर किल्ला दखल गर्न सकिने नदेखी अमरसिंह थापाले किल्लामा बाहिरबाट रसद र लडाइँका अरू सामान जान नपाउने गरी किल्लाका वरिपरि सैनिक पहरा राखेर नाकाबन्दी आरम्भ गरे । सैनिकको सङ्ख्या कम देखेर थप सैनिक माग्दा भीमसेन थापाले काठमाडौँबाट काजी अजम्मर पन्थ, सर्दार परशुराम थापा (तेस्रा) आदिका साथ ई. सं. १८०७ अक्तूबरका आखिरमा[१२] काठमाडौँबाट रमाना गराए । यस एक वर्षका बीचमा अमरसिंह थापाले किल्लाका वरिपरि अनेक गढी बनाई नाकाबन्दी बलियो गराउँदै गएका थिए तापनि सैनिकका कमीले उत्तरपट्टिको बाटो राम्ररी नथुनिएका हुनाले 'पलाम' भन्ने बस्तीबाट ससारचन्दले रसद आदि ल्याउने गरेका थिए । अजम्मर पन्थ पुगेपछि अमरसिंह थापाले आक्रमण गर्न पठाई पलाम दखल गरेर त्यो बाटो पनि थुने ।

युद्धका निमित्त चाहिने गोलाबारुद भीमसेन थापाले काठमाडौँबाट पठाइदिँदै रहे । तर रुपियाँ र रसद अमर-सिंह थापाले उहीँ जुटाउनुपर्दथ्यो । बाह्रठकुराइका रियासतहरूबाट वार्षिक तिरोका रुपियाँ लिएर युद्धको काम चलाउँथे । काँगडाका गुलेरा आदि रियासतहरूबाट रुपियाँ र रसद पनि लिन्थे । दुइ वर्षसम्ममा पनि किल्ला दखल हुन नसक्ता संसारचन्दले भूपसिंह आदि सगुता राजाहरूलाई रुपियाँ र रसदको बोझ देखाई नेपाल–सरकार-को साथ छुटाए । पहिले भूपसिंह र चम्बाका दीवान नाथु बागी भए; पछि अरू पनि यिनका पछि लागे । केवल मण्डीका राजा ईश्वरी सेन नेपालसरकारका पक्षमा रहे । गोरखाली सैन्यमा रुपियाँ र रसदको कष्ट बढेको हुनाले अमरसिंह थापाका प्रार्थनाअनुसार भीमसेन थापाले ई. सं. १८०८ अक्तूबरका आखिरमा[१३] काजी पूर्ण शाहीलाई काठमाडौँबाट हिँडाई यिनका साथ कास्कीदेखि पश्चिमपट्टि कुमाउँसम्मका गौँडागढीमा रहेका १७ कम्पनी सैनिक खटाए । यिनीहरू नपुग्दै गुलेरा आदि रियासतका राजाहरूले सैनिक जम्मा गरी आसापुरी र टिमरनामक गढीहरूमा घेरा दिए । आसापुरीमा शत्रु सैनिकको सख्या ७ हजार जति थियो तापनि बेतालीमो हुनाले जसपाउ

---

१०. भाद्रको तेस्रो हप्तामा ।

११. भाद्र ३० गते आइतवार ।

१२. वि. सं. १८६४ को कार्तिकको आधाआधीमा ।

१३. वि. सं. १८६५ को कार्तिकको मध्यतिर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थापाले सजिलैसँग हराए। यस लडाइँमा ५ सय जति शत्रु सैनिक मारिँदा र सेनापनि ध्यानसिंह पक्रिँदा अरू सैनिक छिन्नभिन्न भए। यसै दिन टिमरपट्टि आएका शत्रुलाई भक्ति थापाले मामूली लडाइँ गरी भगाए। दुवैपट्टि गोरखाली सैनिक बहुत कम परे (९ नवम्बर)[१४]। पूर्ण शाहीका साथ ताजा सैनिक पुगेपछि अमरसिंह थापाले नाकाबन्दी झन् बलियो गराएका हुनाले किल्लाभित्र रसदको कष्ट बढ्दा संसारचन्दले "महाराज गीर्वाणलाई मेरी छोरी डोला पठाएर सालिन्दा ५ लाख रुपियाँ भेटी चढाउँछु; किल्ला मेरा दखलमा रहोस्" भन्ने प्रार्थनापत्र दलभञ्जन पाँडेमार्फत काठमाडौँमा पठाए। भीमसेन थापाले पहिले त मञ्जूरी पठाए, तर अमरसिंह थापाका सम्मतिअनुसार मञ्जूर नगरी दलभञ्जन पाँडेलाई काठमाडौँमा झिकाए। किल्ला नछोडी कुनै सन्धि हुन सक्तैन भन्ने अमरसिंह थापाले संसारचन्दलाई स्पष्ट उत्तर दिए।

७। पृथ्वीनारायण शाहका समयमा पञ्जाबमा अफगानिस्तानका दुर्रानी बादशाहहरूको दखल जमेको थियो तापनि दुर्रानी राजवंशमा गृहकलह चल्दा पञ्जाबमा सिखहरूले अनेक रियासत वा मिस्ल खडा गरेका थिए। पहिले घन्ना मिस्लका सर्दार जयसिंह बलवान् भई अरू मिस्ललाई दबाउन थालेका थिए। यिनैले काँगडाको किल्ला मुगलहरूबाट जितो संसारचन्दलाई दिएका थिए। रणबहादुर शाहका अन्तिम समयमा सुकरचकिया मिस्लका सर्दार रणजितसिंहले सतलजपारका घन्ना मिस्ल आदि सबै मिस्लका सर्दारहरूलाई जितेर पञ्जाबमा सिखराज्य स्थापना गरी महाराज बने। काँगडाका तराईका निमित्त यिनले संसारचन्दलाई हराएर पहाडपट्टि मात्र उनको अधिकार रहन दिएका थिए। मालकाँडामा नयनसिंह थापा घायल हुनुभन्दा एक डेढ महीनाअगाडि वा पछाडि ज्वालाजीको दर्शन गर्न भनी काँगडामा यी आउँदा "गोरखालीलाई हटाइदिएमा ५ लाख रुपियाँ दिन्छु" भनी संसारचन्दले सन्देश पठाएका थिए। "संसारचन्दलाई सहायता नदिएमा ५ लाख रुपियाँ दिउँला" भनी अमरसिंह थापा (बडा) ले पनि सुब्बा जोरावरसिंहलाई रणजित्सिंहछेउ पठाएका थिए। तर उनलाई सतलजदेखि पूर्वपट्टिका मैदानका फुल्किया मिस्ल फुटेर बनेका नाभा, पटियाला आदि सिखरियासत दखल गर्न हतार लागेको हुनाले अमरसिंह थापा र संसारचन्दलाई समेत स्पष्ट उत्तर नदिई ज्वालाजीबाट आफ्ना राजधानी लाहोरमा गएका थिए।

यिनले फुल्किया रियासत दखल गर्नामा अढाइ वर्षसम्म कोशिश लगाएर तीन पटक आक्रमण पनि गरे। यस बीचमा अमरसिंह थापाले काँगडाकिल्ला घेरिरहे। फुल्किया रियासतहरू जितेर आफ्ना राज्यको पूर्वसीमाना जमुनानदी गराउने रणजित्सिंहको विचार थियो। तर अङ्ग्रेज गवरनर जनरल लार्ड मिन्टोले फुल्किया रियासतहरूका उपर आफ्नो आधिपत्यको घोषणा गरेर कर्नेल अक्टरलोनीका साथ थोरै सैनिक पनि पठाए। रणजित्सिंहले लाचार भई सतलजलाई आफ्ना राज्यको पूर्वसीमाना मानेर सन्धिपत्र गरे (२५ अप्रिल १८०९)[१५]। सतलजदेखि पश्चिमपट्टिका प्रदेशहरूमा हामी दखल दिनेछैनौँ भनी अङ्ग्रेजहरूले प्रतिज्ञा गरेका थिए। यस कारणले यो सन्धिपत्र हुनेबित्तिकै काँगडातर्फ नजर फिराइहाले।

८। अमृतसहरमा सिख र अङ्ग्रेजहरूको यो सन्धिपत्र हुन लागेका समयमा काँगडाका किल्लाभित्र रसद खतम हुँदा संसारचन्द छटपटिएका थिए। यसै अवस्थामा सो सन्धिपत्रको खबर सुनेर रणजित्सिंहसँग मिल्नालाई अमरसिंह थापासँग कपट खेली "मालकाँडा तुरुन्त छोड्दछु, २२ दिनको भाका दिनुभए परिवार र सामानसमेत निकाली

---

१४. कार्तिक २७ गते। १५. वि. सं. १८६६ वैशाख १५ गते।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल किल्ला पनि छोडिदिन्छु" भनी आफ्ना दीवान नवरङ्गलाई पठाएर शपथ पनि लिए । अमरसिंह थापाले विश्वास मानेर २१ मईका[16] दिन मालकाँडा दखल गरी नाकाबन्दी गरी रोकेको एक बाटो खोलिदिए । यो खबर सुनेर जूनका आरम्भमा[17] रणजित्सिंह पठानकोट (काँगडाको तराई) मा आउँदा भूपसिंह र नाथु गई ज्वालाजीमा ल्याए । संसारचन्दले दिनभर नचाहिने माल किल्लाबाट निकाली रातभर रसद ओसारी किल्लामा ल्याउँदै रहे । म्यादका आखिरमा रानीहरूका साथ डोलीमा चढी जनाना भेषमा किल्लाबाट उम्की कृषकको भेष लिएर ज्वालाजीमा पुगे । म्याद पुगेपछि अमरसिंह थापाले किल्ला छोड भन्दा नवरङ्गले नमानी ढोका बन्द गरिरहँदा अकमक्क परे । संसारचन्दले रणजित्सिंहलाई पनि किल्ला नदिइ रुपियाँ दिएर गोरखालीलाई हटाउने अनुरोध गरे । तर रणजित्सिंहका दबाउमा परी भूपसिंह र नाथुले समेत कर गर्दा विवश भई किल्ला छोडिदिने कबुलियतमा सहीछाप गरे । रणजित्सिंहछेउ अमरसिंह थापाले पनि आफ्ना दूत पठाई "काँगडा हामीलाई छोडिनुपर्दछ, यसका बदलामा तपाईंलाई कश्मीर जित्ने काममा सहायता गर्छौं" भन्ने अनेक खुशामद गरे । तर रणजित्सिंहले स्पष्ट उत्तर नदिई मीठामसीना सन्देश पठाएर अमरसिंहथापालाई अलमल्याइराखे ।

संसारचन्दले अझ पनि किल्ला बचाइराख्ने उमेद गरे । किल्लामा रसद नभएको हुनाले अमरसिंह थापासँग फेरि कपट खेलेर "किल्ला पछि तपाईंलाई नै दिन्छु, रणजित्सिंहलाई दिन्न, रसदले खाँचो भएको हुनाले चार महीना वर्षादलाई पुग्ने रसद लैजान दिनुहास्' भनी प्रार्थना गरे । बागी राजाहरूबाट घेरिएका हुनाले आफूलाई पनि रसदले हर्जा भइरहेको थियो । रसदकै कमीले गोरखाली सैनिकहरूमा रोग फैलिएको थियो । यस कारण अमरसिंह थापाले किल्लाभित्र रसद छोडिदिने र आफूले पनि खरीद गरिलिने प्रबन्ध मिलाए । किल्लाभित्र रसद जान लागेपछि संसारचन्द पनि नदाउँमा आए ।

९। वर्षाद सकिएपछि काँगडा किल्लामा आक्रमण गर्ने विचार रणजित्सिंहको थियो । तर संसारचन्दले अमरसिंह थापासँग मिल्न कुरा गरेको खबर भूपसिंह आदिबाट पाउँदा जमानतमा रहेका संसारचन्दका छोरा अनिरुद्धचन्दलाइ कैद गरी वर्षाद नसकिँदै किल्लामा आक्रमण गर्नालाई ३ हजार जति तालामी सिख सैनिक बोलाए । ७ सितम्बरका[18] बिहान भवनका उत्तरपट्टिका गणेशघाटीबाट आक्रमण भयो । यो खबर अघिल्लै दिन थाहा पाई अमरसिंह थापाले जसपाउ थापाका साथ २ हजार जति गोरखाली सैनिक त्यहाँ पठाइराखेका थिए । सिखहरू डाँडामा चढ्न लाग्दा गणेशघाटीका भञ्ज्याङमा रहेका गोरखाली सैनिक झरेर ४ सय जति शत्रु सैनिकलाई मारे । तैपनि शत्रुको बाढीलाई रोक्न नसक्दा गोरखाली सर्दार गन्धर्व रानाका साथ ५० जना जति खतम भएपछि भञ्ज्याङमा रहेको गढी शत्रुले दखल गरी भवनमा समेत अधिकार जमाए । यसै दिन नवरङ्गले मूल किल्लामा सिख सैनिक हुलिदिँदा अमरसिंह थापाले नाकाबन्दी उठाई सारा गोरखाली सैनिक मालकाँडामा जम्मा गरे, सिख सैन्यलाई हटाई किल्लामा अधिकार गर्न असम्भव भइसकेको हुनाले लडाइँ बन्द गरे ।

काँगडामा गोरखालीको हार हुनामा तीन कारण थिए । पहिलो कारण सैनिकको कमी थियो । सैनिक थोरै हुँदा २ वर्षसम्म नाकाबन्दी खुकुलै रह्यो । तेस्रो वर्ष सैनिकको सङ्ख्या ६ हजार जति पुगेर नाकाबन्दी बलियो भएको थियो तापनि सगुता राजाहरू बागी भएका हुँदा र रसद र अरू सामानको कष्ट बढी सैनिकहरूमा बेचैनी फैलिएको थियो । दोस्रो कारण धनको कमी थियो । युद्धका निमित्त राजधानी काठमाडौँबाट एक पैसा पनि खर्च जाँदैनथ्यो,

---

१६. वि. सं. १८६६ ज्येष्ठ १० गते । १७. ज्येष्ठको तेस्रो हप्तामा । १८. भाद्र २५ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थापाले सजिलैसँग हराए । यस लडाइँमा ५ सय जति शत्रु सैनिक मारिँदा र सेनापति ध्यानसिंह पक्रिँदा अरू सैनिक छिन्नभिन्न भए । यसै दिन टिमरपट्टि आएका शत्रुलाई भक्ति थापाले मामूली लडाइँ गरी भगाए । दुवैपट्टि गोरखाली सैनिक बहुत कम परे (९ नवम्बर)[१४] । पूर्ण शाहीका साथ ताजा सैनिक पुगेपछि अमरसिंह थापाले नाकाबन्दी झन् बलियो गराएका हुनाले किल्लाभित्र रसदको कष्ट बढ्दा संसारचन्दले "महाराज गीर्वाणलाई मेरी छोरी डोला पठाएर सालिन्दा ५ लाख रुपियाँ भेटी चढाउँछु; किल्ला मेरा दखलमा रहोस्" भन्ने प्रार्थनापत्र दलभञ्जन पाँडेमार्फत काठमाडौँमा पठाए । भीमसेन थापाले पहिले त मञ्जूरी पठाए, तर अमरसिंह थापाका सम्मतिअनुसार मञ्जूर नगरी दलभञ्जन पाँडेलाई काठमाडौँमा झिकाए । किल्ला नछोडी कुनै सन्धि हुन सक्तैन भन्ने अमरसिंह थापाले संसारचन्दलाई स्पष्ट उत्तर दिए ।

७। पृथ्वीनारायण शाहका समयमा पञ्जाबमा अफगानिस्तानका दुर्रानी बादशाहहरूको दखल जमेको थियो तापनि दुर्रानी राजवंशमा गृहकलह चल्दा पञ्जाबमा सिखहरूले अनेक रियासत वा मिस्ल खडा गरेका थिए । पहिले घन्ना मिस्लका सर्दार जयसिंह बलवान् भई अरू मिस्ललाई दबाउन थालेका थिए । यिनैले काँगडाको किल्ला मुगलहरूबाट जिती संसारचन्दलाई दिएका थिए । रणबहादुर शाहका अन्तिम समयमा सुकरचकिया मिस्लका सर्दार रणजितसिंहले सतलजपारका घन्ना मिस्ल आदि सबै मिस्लका सर्दारहरूलाई जितेर पञ्जाबमा सिखराज्य स्थापना गरी महाराज बने । काँगडाका तराईका निमित्त यिनले संसारचन्दलाई हराएर पहाडपट्टि मात्र उनको अधिकार रहन दिएका थिए । मालकाँडामा नयनसिंह थापा घायल हुनुभन्दा एक डेढ महीनाअगाडि वा पछाडि ज्वालाजीको दर्शन गर्न भनी काँगडामा यी आउँदा "गोरखालीलाई हटाइदिएमा ५ लाख रुपियाँ दिन्छु" भनी संसारचन्दले सन्देश पठाएका थिए । "संसारचन्दलाई सहायता नदिएमा ५ लाख रुपियाँ दिउँला" भनी अमरसिंह थापा (बडा) ले पनि सुब्बा जोरावरसिंहलाई रणजित्सिंहछेउ पठाएका थिए । तर उनलाई सतलजदेखि पूर्वपट्टिका मैदानका फुल्किया मिस्ल फुटेर बनेका नाभा, पटियाला आदि सिखरियासत दखल गर्न हतार लागेको हुनाले अमरसिंह थापा र संसारचन्दलाई समेत स्पष्ट उत्तर नदिई ज्वालाजीबाट आफ्ना राजधानी लाहोरमा गएका थिए ।

यिनले फुल्किया रियासत दखल गर्नामा अढाइ वर्षसम्म कोशिश लगाएर तीन पटक आक्रमण पनि गरे । यस बीचमा अमरसिंह थापाले काँगडाकिल्ला घेरिरहे । फुल्किया रियासतहरू जितेर आफ्ना राज्यको पूर्वसीमाना जमुनानदी गराउने रणजित्सिंहको विचार थियो । तर अङ्ग्रेज गवरनर जनरल लार्ड मिन्टोले फुल्किया रियासतहरूका उपर आफ्नो आधिपत्यको घोषणा गरेर कर्नेल अक्टरलोनीका साथ थोरै सैनिक पनि पठाए । रणजित्सिंहले लाचार भई सतलजलाई आफ्ना राज्यको पूर्वसीमाना मानेर सन्धिपत्र गरे (२५ अप्रिल १८०९)[१५] । सतलजदेखि पश्चिमपट्टिका प्रदेशहरूमा हामी दखल दिनेछैनौँ भनी अङ्ग्रेजहरूले प्रतिज्ञा गरेका थिए । यस कारणले यो सन्धिपत्र हुनेबित्तिकै काँगडातर्फ नजर फिराइहाले ।

८। अमृतसहरमा सिख र अङ्ग्रेजहरूको यो सन्धिपत्र हुन लागेका समयमा काँगडाका किल्लाभित्र रसद खतम हुँदा संसारचन्द छटपटिएका थिए । यसै अवस्थामा सो सन्धिपत्रको खबर सुनेर रणजित्सिंहसँग मिल्नालाई अमरसिंह थापासँग कपट खेली "मालकाँडा तुरुन्त छोड्दछु, २२ दिनको भाका दिनुभए परिवार र सामानसमेत निकाली

---

१४. कार्तिक २७ गते ।

१५. वि. सं. १८६६ वैशाख १५ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल किल्ला पनि छोडिदिन्छु" भनी आफ्ना दीवान नवरङ्गलाई पठाएर शपथ पनि लिए । अमरसिंह थापाले विश्वास मानेर २१ मईका[16] दिन मालकाँडा दखल गरी नाकाबन्दी गरी रोकेको एक बाटो खोलिदिए । यो खबर सुनेर जूनका आरम्भमा[17] रणजित्सिंह पठानकोट (काँगडाको तराई) मा आउँदा भूपसिंह र नाथु गई ज्वालाजीमा ल्याए । संसारचन्दले दिनभर नचाहिने माल किल्लाबाट निकाली रातभर रसद ओसारी किल्लामा ल्याउँदै रहे । म्यादका आखिरमा रानीहरूका साथ डोलीमा चढी जनाना भेषमा किल्लाबाट उम्की कृषकको भेष लिएर ज्वालाजीमा पुगे । म्याद पुगेपछि अमरसिंह थापाले किल्ला छोड भन्दा नवरङ्गले नमानी ढोका बन्द गरिरहँदा अकमक्क परे । संसारचन्दले रणजित्सिंहलाई पनि किल्ला नदिई रुपियाँ दिएर गोरखालीलाई हटाउने अनुरोध गरे । तर रणजित्सिंहका दबाउमा परी भूपसिंह र नाथुले समेत कर गर्दा विवश भई किल्ला छोडिदिने कबुलियतमा सहीछाप गरे । रणजित्सिंहछेउ अमरसिंह थापाले पनि आफ्ना दूत पठाई "काँगडा हामीलाई छोडिनुपर्दछ, यसका बदलामा तपाईंलाई कश्मीर जित्ने काममा सहायता गर्छौं" भन्ने अनेक खुशामद गरे । तर रणजित्सिंहले स्पष्ट उत्तर नदिई मीठामसीना सन्देश पठाएर अमरसिंहथापालाई अलमल्याइराखे ।

संसारचन्दले अझ पनि किल्ला बचाइराखने उमेद गरे । किल्लामा रसद नभएको हुनाले अमरसिंह थापासँग फेरि कपट खेलेर "किल्ला पछि तपाईंलाई नै दिन्छु, रणजित्सिंहलाई दिन्न, रसदले खाँचो भएको हुनाले चार महीना वर्षादलाई पुग्ने रसद लैजान दिनुहोस्' भनी प्रार्थना गरे । बागी राजाहरूबाट घेरिएका हुनाले आफूलाई पनि रसदले हर्जा भइरहेको थियो । रसदकै कमीले गोरखाली सैनिकहरूमा रोग फैलिएको थियो । यस कारण अमरसिंह थापाले किल्लाभित्र रसद छोडिदिने र आफूले पनि खरीद गरिलिने प्रबन्ध मिलाए । किल्लाभित्र रसद जान लागेपछि संसारचन्द पनि नदाउँमा आए ।

९। वर्षाद सकिएपछि काँगडा किल्लामा आक्रमण गर्ने विचार रणजित्सिंहको थियो । तर संसारचन्दले अमरसिंह थापासँग मिलन कुरा गरेको खबर भूपसिंह आदिबाट पाउँदा जमानतमा रहेका संसारचन्दका छोरा अनिरुद्धचन्दलाई कैद गरी वर्षाद नसकिँदै किल्लामा आक्रमण गर्नालाई ३ हजार जति तालामी सिख सैनिक बोलाए । ७ सितम्बरका[18] बिहान भवनका उत्तरपट्टिका गणेशघाटीबाट आक्रमण भयो । यो खबर अघिल्लै दिन थाहा पाई अमरसिंह थापाले जसपाउ थापाका साथ २ हजार जति गोरखाली सैनिक त्यहाँ पठाइराखेका थिए । सिखहरू डाँडामा चढ्न लाग्दा गणेशघाटीका भञ्ज्याङमा रहेका गोरखाली सैनिक झरेर ४ सय जति शत्रु सैनिकलाई मारे । तपनि शत्रुको बाढीलाई रोक्न नसक्दा गोरखाली सर्दार गन्धर्व रानाका साथ ५० जना जति खतम भएपछि भञ्ज्याङमा रहेको गढी शत्रुले दखल गरी भवनमा समेत अधिकार जमाए । यसै दिन नवरङ्गले मूल किल्लामा सिख सैनिक हुलिदिँदा अमरसिंह थापाले नाकाबन्दी उठाई सारा गोरखाली सैनिक मालकाँडामा जम्मा गरे, सिख सैन्यलाई हटाई किल्लामा अधिकार गर्न असम्भव भइसकेको हुनाले लडाइँ बन्द गरे ।

काँगडामा गोरखालीको हार हुनामा तीन कारण थिए । पहिलो कारण सैनिकको कमी थियो । सैनिक थोरै हुँदा २ वर्षसम्म नाकाबन्दी खुकुलै रह्यो । तेस्रो वर्ष सैनिकको सङ्ख्या ६ हजार जति पुगेर नाकाबन्दी बलियो भएको थियो तापनि सगुता राजाहरू बागी भएका हुँदा र रसद र अरू सामानको कष्ट बढी सैनिकहरूमा बेचैनी फैलिएको थियो । दोस्रो कारण धनको कमी थियो । युद्धका निमित्त राजधानी काठमाडौंबाट एक पैसा पनि खर्च जाँदैनथ्यो,

---

१६. वि. सं. १८६६ ज्येष्ठ १० गते । १७. ज्येष्ठको तेस्रो हप्तामा । १८. भाद्र २५ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाह्लठकुराइ र काँगडाका सगुता राजाहरूसँग धन लिएर खर्च चलाउनुपर्दथ्यो। काँगडाका सगुता राजाहरू बागी भएपछि बाह्लठकुराइका राजाहरूबाट आएका धनले खर्च नचल्दा छिमेकका रियासतका रैतीहरूबाट जबर-दस्ती गरी रुपियाँ र रसद लिनुपर्दा रैतीसमेत विरोधी बन्न आएका हुनाले गोरखाली सैनिक पनि शत्रुले घेरिएर मस्ती गलाइरहेका थिए। तेस्रो कारण अमरसिंह थापामा रहेको शासनका कामको अयोग्यता थियो। यिनी सुयोग्य सेनापति थिए, परराष्ट्रसँगको व्यवहारमा कुशल थिए। तर सुशासक नहुँदा सगुता राजा र रैतीहरूलाई राजी राख्न सकेनन्।

रणजित्सिंहले काँगडाको किल्ला दखल गरेपछि पनि गोरखालीसँग सौजन्यपूर्ण व्यवहार गरे। "मलाई काँगडाको किल्ला संसारचन्दले दिएको होइन, उनले दिएको भए तपाइँले घेरा नदिंदैसौं पिदिन्थे, तपाइँबाट सिकिस्त पाएपछि मलाई दिएका हुनाले तपाइँबाटै पाएको सम्झन्छु, सतलजदेखि पूर्वपट्टि गोरखाली र पश्चिमपट्टि सिख मिलिजुली रहौं" भन्ने सन्देश पठाई परस्पर मित्रताको सन्धिपत्र गर्ने प्रस्ताव पनि अमरसिंह थापाछेउ पठाए। सभ्यताका नियमअनुसार परस्परमा मेल कायम गर्नाका निमित्त अमरसिंह थापाले सन्धिपत्र गरी महाराज गीर्वाणको लालमोहर गराउनाका निमित्त भक्ति थापाका साथ काठमाडौंमा पठाए। नेपालको झण्डा र हातहतियारका साथ गोरखाली सैनिकलाई सितम्बरका आखिरसम्ममा[१८] सुबिस्तैसँग सतलज तारेर यस नदीको किनाराका बघाट भन्ने साना रियासतका सुबाथुनामक ठाउँमा छाउनी कायम गरी बसे।

१०। काँगडामा ठक्कर खाएर गोरखाली सैन्य फर्केपछि बाह्लठकुराइका राणाहरू स्वतन्त्र बन्नाका निमित्त जम-जमाए; तर कहलूरका राजा महाचन्द नेपालसरकारका पक्षमा अटल रहे। सिरमोरका राजा कर्मप्रकाशले नेपालसरकारलाई ३६ हजार रुपियाँ भेटी, जमुनाको एक घाट, तिलकपुर र नाहनसमेत चढाई सिरमोरमा आएका नेपालसरकारका विरोधीलाई पक्रिदिने प्रतिज्ञापत्र गरेका थिए। यो प्रतिज्ञा पूरा गराउनाका निमित्त काजी रणजोर थापा नाहनमा बसिरहेका थिए। मोर्नीनामक बलियो किल्ला कर्मप्रकाशका हातमा रहेको हुनाले यिनी प्रायः त्यहाँ रहन्थे। काँगडायुद्धका समयमा गुलेराका राजा भूपसिंह बागी हुँदा उनका आग्रहले यिनले पनि बगावतको लक्षण देखाए। यस कारणले मण्डीबाट भक्ति थापाले दुइ कम्पनी सैनिक पठाउँदा कर्मप्रकाश दबेर शान्त भाव देखाए। परन्तु कम्पनीहरू फर्कनेबित्तिकै किल्ला छोडेर मुगलानाका घरमा गएका थिए (अप्रिल १८०८)।[२०] परन्तु युद्धको समय हुनाले रणजोर थापाले दिलासा दिई यिनमाई मोर्नीमा बोलाएर मिलिजुली रहेका थिए। काँगडाबाट गोरखाली सैन्य फिर्नेबित्तिकै अरू राणाहरूका साथ कर्मप्रकाश पनि बागी हुन लागेको लक्षण पाएर रणजोर थापाले मोर्नीलाई घेरा दिने गरी ठाना बार्न शुरू गरे। कर्मप्रकाशले धन र परिवार मुग-लानामा पठाई नयाँ सैनिक भर्ना गरेर किल्ला बलियो गराउन थाले। रणजोर थापाको अर्घेली हो भन्ने यिनको भनाइ हुनाले साँचो कुरा बुझ्नाका निमित्त यिनलाई अमरसिंह थापा (बडा) ले सुबाथुमा बोलाए। "म निर्दोषी छु, आत्मरक्षा गर्नाका निमित्त किल्लाभित्र रहेको छु। सरकारतर्फबाट गोली नचलेसम्म म हतियार उठाउन्नँ, मेरो रियासत खोसिन लाग्यो भने नलडी छोड्दिनँ" भन्ने उत्तर पठाएर किल्लामा डटिरहे। यस उत्तरलाई घमण्डले भरिएको देखेर अमरसिंह थापाले रणजोर थापालाई मोर्नीमा आक्रमण गर्ने आज्ञा पठाए। मामूली लडाइँ गरी दुइ जना गोरखाली र ४० जना जति सिरमोरिया सैनिक खेत रहेपछि कर्मप्रकाशले किल्ला छोडी मुगलानको

---

१९. आश्विनको दोस्रो हप्तामा।

२०. वि. सं. १८६५ को शुरूतिर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाटो पक्रे (नवम्बर) ।[२१]

यसै समयमा पन्थजडाको विद्रोह मच्चियो । सतलजका किनारापट्टि पन्थ र जडानामक गढीहरूमा एक एक कम्पनी सैनिकहरू राखी सुब्बा वसन्त वोगटीले बाह्रठकुराईका राणाहरूसँग राजकर उठाउने गरी आएका थिए । केही राणाहरूले आफैं समेत आई कसैकसैले सैनिक मात्र पठाई पन्थ र जडा घेरे । विद्रोहीहरूको जमात बढ्न नपाउँदै सुबाथुबाट सर्दार शमशेर रानाले दुइ कम्पनी सैनिक लगेर शत्रुलाई भगाइदिए । विरोधी राणाहरू मुगलानातिर जाने बाटो नपाउँदा हिमालमा रहेका जुबल र बिसहरनामक रियासततिर लागे । बाह्रठकुराईका लगभग माझमा बाघलको राजधानी आर्की परेको हुनाले अमरसिंह थापाले त्यहीं आफ्नो सदरमुकाम बनाए । सिरमोरको रियासतसमेत यिनैका साथमा रह्यो । सैनिक अफिसर भएर नाहनमा रणजोर थापा बसे ।

११। अमरसिंह थापा (बडा) ले रणजित्सिंहसँग गरेको सन्धिपत्र लिएर भक्ति थापा काठमाडौंमा आउँदा मन्त्रि-मण्डलमा बहस चल्यो । हिमालयी साम्राज्य स्थापना गर्ने गोरखालीहरूमा सय वर्षअघिदेखि जमिरहेको उद्देश्य यस सन्धिपत्रबाट भताभुङ्ग हुने हुनाले कसैले पनि सन्धि गर्ने राय दिएनन् । परराष्ट्रविभागका मन्त्री रङ्गनाथ पण्डितज्यू थिए । दीनानाथ उपाध्यायको बदलामा यिनका भाइ कृष्ण पण्डितज्यू कलकत्तामा नेपाली राजदूत भएर रहेका थिए । रणजित्सिंहले करकापमा परी अंग्रेजहरूसँग अमृतसरको सन्धिपत्र गरे तापनि त्यसलाई तोड्ने धुनमा लागेको कुरा रङ्गनाथ पण्डितज्यूसम्म आइपुगेको थियो । यी र भीमसेन थापा मिली एक योजना तयार गरे । "अङ्ग्रेज र गोरखाली मिली सतलजदेखि पश्चिमपट्टि सिन्धुसम्मका प्रदेशहरू जितेर मैदान जति अङ्ग्रेज-हरूले लिने, पहाडका काँगडा र कश्मीर गोरखालीले दखल गर्ने" भन्ने योजनाको सारांश थियो ।

अङ्ग्रेजहरू नमिले पनि काँगडामा फेरि आक्रमण गर्नेपर्छ भनी भीमसेन थापाले अमृतसिंह थापा र दलभञ्जन पाँडेलाई अक्तूबरका आखिरमा[२२] काठमाडौंबाट रमाना गरे । यिनीहरू बाटामा युद्धका निमित्त खर्च उभाउँदै पाँच महीनामा नालापानीमा पुगे (मार्च १८१०)[२३] । उहाँ पुगेर परिस्थिति बुझ्दा सतलज पार हुन असाध्य देखेर जमुना पनि नतरी नालापानीमा अलमल्ल परिरहे । यिनीहरूलाई ठेल्न भनी पाल्पामा रहेका अमरसिंह थापा (छोटा) लाई खटाए । यिनी पनि नालापानीमा पुगेपछि हच्किएर बसे । अमरसिंह थापा (बडा) लाई योजनाअनुसार महाराज गीर्वाणका भाकाबाट आज्ञापत्र जाँदा उनलाई कत्ति मन परेको थिएन । तैपनि सरकारी हुकुम हुनाले दिल्लीमा रहेका कर्नेल अक्टरलोनीसँग लेखापढी गरे । शायद कृष्ण पण्डितज्यूद्वारा गवरनर जनरलसँग पनि सहायता मागिएको थियो । तर युद्ध गर्ने अवस्था नपरी अमृतसर–सन्धिपत्र गर्ने अङ्ग्रेजहरू गोरखालीका लाभका निमित्त किन अघि सर्दथे ? उनीहरूबाट रूखो जवाफ पाएपछि दुवै अमरसिंह थापाहरूले काँगडा जित्ने आशा छोडिदिए । गोरखालीहरूको यो नयाँ उद्योगको हाल सुनेर रणजित्सिंहले पनि बाह्रठकुराई-मा आक्रमण गर्नालाई अङ्ग्रेज गवरनर जनरलसँग मञ्जूरी मागे । तर रणजित्सिंहले बाह्रठकुराई जितेर अङ्ग्रेजहरूलाई लाभ केही नहुने हुनाले मञ्जूरी दिएनन् । यस तरहसँग नेपालराज्यको पश्चिम सीमाना सतलज नदी कायम भयो ।

□

१२। काँगडापट्टि युद्ध चलेका समयमा नेपालराज्यका पूर्व सीमानाका टिस्ता नदीपट्टि पनि अशान्ति मच्चिएको

---

२१. कार्तिक–मार्ग । २२. कार्तिकको दोस्रो हप्तामा । २३. वि. सं. १८६६ को फागुन–चैत्रमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थियो । त्यस नदीपारका धर्मराज्यका बासिन्दा डुक्पाहरू भोटियासँग मिल्दाजुल्दा भइरहेका थिए । यिनमा लूटाहा स्वभाव रहेको हुनाले सुखिममा आएर बराबर लूटपाट गरिरहन्थे । त्यस नदीका दायाँ किनारमा जमीन आबाद गरी बस्ती बसाउनका निमित्त भीमसेन थापाले दुइ कम्पनी सैनिकका साथ सुबेदार गजेन्द्र कार्कीलाई पठाएका थिए । ई. सं. १८१० का आरम्भमा[२४] डुक्पाहरूले आक्रमण गरी १०० जना जति गोरखाली सैनिकलाई मारेर बन्दूक लूटी लगे । पछि त्यहाँका राजाले बन्दूकसम्म फिर्ता दिलाए तापनि लूटपाट बन्द गराउन नसक्दा भीमसेन थापाले त्यस राज्यमा आक्रमण गर्ने अठोट गरी मुख्य सेनापति गराउनका निमित्त अमृतसिंह थापालाई नालापानीबाट बोलाए । तर बाह्लठकुराईपट्टि शान्ति स्थापना नभएको हुनाले यो काम थामियो । यस कारणले नेपालराज्यको पूर्व सीमाना पनि त्यस नदीदेखि बढ्न सकेन ।

बाह्लठकुराईका विद्रोही राणाहरू उत्तरपट्टिका हिमालमा रहेका जुब्बल र बिसहरनामक रियासतमा जम्न पुगेका थिए । यस कारणले जुलाइमा[२५] अमरसिंह थापा (बडा) ले गोरखाली सैनिक पठाई ती दुइ रियासतमा अधिकार जमाए । राणाहरू भागेर सतलज पार भए । जुब्बलको रियासत नगण्य थियो । तर बिसहरको रियासत जुम्ला जस्तै र उत्रै थियो । राजधानी रामपुर विकट जग्गामा थियो तापनि त्यहाँ मसिना ऊनी पछ्यौरा बुन्ने काम ज्यादा चलेको हुनाले धनाढ्य थियो । राजा बालक हुनाले तिनलाई लिएर दीवान टीकनदास भागेका थिए । ई. सं. १८११ का आरम्भका हिउँदमा[२६] यिनले रामपुरका रैतीलाई मिलाई आक्रमण गरे र त्यहाँ रहेका गोरखालीको संहार गरिदिए । हिउँदका समयमा त्यहाँ गोरखाली सैनिक जान नसक्ने हुनाले वर्षाद लागेपछि अमरसिंह थापाले दुइ कम्पनी सैनिक पठाई पछि आफू पनि गए (जुलाइ) ।[२७] गोरखाली सैनिक पुग्नेबित्तिकै बालक राजालाई टिपेर टीकनदास भागे । विद्रोहमा सामेल भएका रैतीहरूको अमरसिंह थापाले बेरहमीसँग संहार पारी बदला लिए । सीमान्तप्रदेशमा यस तरहको कठोर शासन उस समयका निमित्त बडो खतरनाक थियो ।

१३। भीमसेन थापा गोरखाली भारादारका सन्तान थिएनन् । एक साधारण सैनिक अफिसरका छोरा थिए । यस कारणले बम शाह आदि पुराना भारादारहरू यिनका आज्ञाकारी सेवक बन्न गाह्रो मान्दथे । यो चाल बुझेर भीमसेन थापाले बडो चलाकीसँग बम शाहलाई कुमाउँमा, अमरसिंह थापा (बडा)लाई बाह्लठकुराईमा बखतवारसिंह बस्न्यातलाई जुम्लामा हाकिम गराएर मित्रवत् व्यवहार गरिरहे । यस व्यवहारबाट उनीहरूको योग्यताअनुसार राज्यको हितसाधन गर्ने काम लिए । यिनका आज्ञामा रहन पसन्द नगर्ने बूढा काजी रणजित् पाँडेले ई. सं. १८११ का मई[२८] मा यस संसारलाई छोड्दा काठमाडौंमा रहेका मन्त्रिमण्डलमा प्राण शाह, रङ्गनाथ पण्डितज्यू, दलभञ्जन पाँडे, उदय गिरी र रणध्वज थापा मात्र बचे । भीमसेन थापाभन्दा यी सबै कान्छा थिए । अघिल्ला २ जनाका दर्जा भीमसेन थापाका भन्दा माथिल्ला थिए तापनि बनारसमा धर्म भाकेर आएका साथी हुनाले आज्ञाकारी मित्र बनेका थिए । पछिल्ला तीन जनालाई भीमसेन थापाले दबाएका थिए तापनि मित्रवत् व्यवहार गरी प्रसन्न राखेका हुनाले ई. सं. १८११ का समाप्तिकाल[२९] मा नेपालका निष्कण्टक शासकका अवस्थामा भीमसेन थापा पुगे ।

(अरू पछि)

□

२४. वि. सं. १८६६ को पौषको तेस्रो हप्तामा । २५. आषाढ–श्रावणमा । २६. वि. सं. १८६७ का हिउँदमा । २७. आषाढ–श्रावण । २८. वि. सं. १८६८ को वैशाख–जेठमा २९. वि. सं. १८६८ को पौषमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिकोणमिति (ज्योत्पत्ति)

दोस्रो अध्याय

–नयराज पन्त

सहायक –देवीप्रसाद भण्डारी

त्रिकोणमितिको पहिलो अध्यायमा[1] ज्या, कोटिज्या, उत्क्रमज्या, कोटचुत्क्रमज्या र पूर्णज्याहरूका विषयमा लेखियो । अब यस दोस्रो अध्यायमा चापका योगज्याहरूका विषयमा लेखिन्छ ।

५८ प्रक्रम –

चापयोर् इष्टयोर् जीवे मिथः कोटिज्यकाहते ।
तयोर् योगस् त्रिभज्याऽऽप्तः स्यात् तच्चापैक्यजा ज्यका ।।१।।

[प्रथम चापको ज्यालाई द्वितीय चापको कोटिज्याले गुन्नू, आएको गुणनफल प्रथमफल हुन्छ । द्वितीय चापको ज्यालाई प्रथम चापको कोटिज्याले गुन्नू, आएको गुणनफल द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योगलाई त्रिज्याले भाग लिनू, लब्धि प्रथम चाप र द्वितीय चापको योगरूप चापको ज्या हुन्छ ।]

प्रथम चाप = अ

द्वितीय चाप = क

$$\text{ज्या (अ+क)} = \frac{\text{ज्या अ} \times \text{कोज्या क} + \text{ज्या क} \times \text{कोज्या अ}}{\text{त्रि}}$$

यसको उपपत्ति—

ङ बिन्दुलाई केन्द्र मानी क ङ त्रिज्याले वृत्तको एक पद क च ज ख लेख तथा क ङ, च ङ, ज ङ, ख ङ रेखा हाल ।

क ङ रेखामा च बिन्दुबाट हालेको च छ लम्ब क च चापको ज्या हुन्छ । क च चापको कोटिज्याचाहिँ ङ छ हुन्छ ।

---

१. वि. सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक–मङ्गलदास प्रधानाङ्ग) को त्रिकोणमिति (ज्योत्पत्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

च ङ रेखामा ज बिन्दुबाट हालेको ज ञ लम्ब च ज चापको ज्या हुन्छ। च ज चापको कोटिज्याचाहिँ ङ ञ हुन्छ।

क ङ रेखामा ज बिन्दुबाट हालेको ज ट लम्ब क ज चापको ज्या हुन्छ। क ज चापको कोटिज्याचाहिँ ङ ट हुन्छ।

ञ बिन्दुबाट क ङ रेखामा ञ ण लम्ब हाल। ञ बिन्दुबाट नै ज ट रेखामा ञ ठ लम्ब हाल।

च छ तथा ञ ण रेखा क ङ रेखामा लम्बरूप छन्। यस कारण ङ च छ त्रिभुज तथा ङ ञ ण त्रिभुज सजातीय हुन्छन्।



[३६ चित्र]

$$\text{ञ ण} = \frac{\text{च छ} \times \text{ङ ञ}}{\text{च ङ}} \quad \text{(रेखागणित ६।४)}$$

$$= \frac{\text{क च चापज्या} \times \text{च ज चापकोटिज्या}}{\text{त्रि}} \qquad (१)$$

ङ ग ट कोण = ज ग ञ कोण (रेखागणित १।१५)

ज ञ ग कोण = ग ट ङ कोण (समकोण भएका हुनाले)

यस कारण,

ञ ज ग कोण = ग ङ ट कोण (रेखागणित १।३२)

यस कारण,

ङ च छ त्रिभुजका तीनै कोण ज ञ ठ त्रिभुजका तीनै कोणले बराबर हुन्छन्। किनभने

च छ ङ कोण = ज ठ ञ कोण (समकोण भएका हुनाले)

च ङ छ कोण = ञ ज ठ कोण (भरखरै सिद्ध गरियो)

यस कारण

$$\text{ज ठ} = \frac{\text{ङ छ} \times \text{ज ञ}}{\text{च ङ}} \quad \text{(रेखागणित ६।४)}$$

$$= \frac{\text{क च चापकोटिज्या} \times \text{च ज चापज्या}}{\text{त्रि}} \qquad (२)$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१) तथा (२) समीकरण जोड्दा

ञ ण + ञ ड = ठ ट + ज ठ = ज ट

$$= \frac{\text{क च चापज्या} \times \text{च ज चापकोटिज्या}}{\text{त्रि}} + \frac{\text{क च चापकोटिज्या} \times \text{च ज चापज्या}}{\text{त्रि}}$$

क ज चाप = क च चाप + च ज चाप

क ज चापज्या = ज ट

$$= \frac{\text{क च चापज्या} \times \text{च ज चापकोटिज्या} + \text{क च चापकोटिज्या} \times \text{च ज चापज्या}}{\text{त्रि}}$$

$$= \frac{\text{क च चापज्या} \times \text{च ज चापकोटिज्या} + \text{च ज चापज्या} \times \text{क च चापकोटिज्या}}{\text{त्रि}}$$

क च चाप = अ

च ज चाप = क

क ज चाप = अ + क

क च चापज्या = ज्या अ

क च चापकोटिज्या = कोज्या अ

च ज चापज्या = ज्या क

च ज चापकोटिज्या = कोज्या क

यस कारण

$$\text{ज्या (अ + क)} = \frac{\text{ज्या अ} \times \text{कोज्या क} + \text{ज्या क} \times \text{कोज्या अ}}{\text{त्रि}}$$

ङ केन्द्रकं कर्कटकेन भूतले क खा ऽभिधं वृत्तचतुर्थमालिखेत् ।
क चं, च जं चापयुगं क ङं, च ङं, ज ङं, ख ङं व्यासदलानि संलिखेत् ॥२॥
क ङे च बिन्दोर् विहितोऽवलम्बकः क चस्य चापस्य भवेज् ज्यका च ङः ।
च ङे ज बिन्दोर् विहितस् तु लम्बको ज ञो भवेज् ज्या च ज चापसम्भवा ॥३॥
क ङे कृतो जाद् अवलम्बको ज टः पुरोक्तचापद्वययोगधन्वनः ।
क जस्य जायेत गुणोऽथ लम्बको ञ ठो विधेयो ज ट रेखिकोपरि ॥४॥
अथो ञ बिन्दोः क ङ सूत्रकोपरि ञ णा ऽभिधानं विदधीत लम्बकम् ।
अथ त्रिकोणं ङ च ञोपलक्षितं भवेत् सरूपं ङ ञ ण त्रिबाहुनः ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा त्रिकोणं ङ च फा ऽभिधानकं भवेत् सरूपं ज ञ ठ त्रिबाहुनः ।
च ङेन लभ्येत च फो भुजो यदा ङ ञेन लभ्येत ञ णो भुजस् तदा ।।
च ङेन लभ्येत ङ फो भुजो यदा ज ञेन लभ्येत ज ठो भुजस् तदा ।
ञ णेन युक्तो ज ठ एव शिञ्जिनी ज टा ऽभिधा स्यात् क ज चापसंभवा ।।

(नित्यानन्दले आफ्नो सिद्धान्तराजमा दिएका उपपत्ति बुझाउने श्लोक नीलाम्बर झाले आफ्नो गोलप्रकाशमा दिएका छन् ।[2] तिनलाई धेरै संशोधन गरी यी श्लोक यहाँ दिइएका हुन् ।)

[समधरातलमा ङ बिन्दुलाई केन्द्र मानी कर्कटकले क ख वृत्तपद (वृत्तको चौथाइ भाग) लेख । त्यस वृत्तमा क च तथा च ज चाप चिनु लाऊ । ङ केन्द्रबाट क्रमैसँग क ङ, च ङ, ज ङ, ख ङ यी त्रिज्यारेखा हाल । क ङ त्रिज्यामा च बिन्दुबाट च फ लम्ब हाल । सो लम्ब क च चापको ज्या हुन्छ । यसै गरी च ङ त्रिज्यामा ज बिन्दुबाट ज ञ लम्ब हाल । सो लम्ब च ज चापको ज्या हुन्छ । क ङ त्रिज्यामा ज बिन्दुबाट ज ट लम्ब हाल । सो लम्ब क च तथा च ज चापको योगरूप क ज चापको ज्या हुन्छ । ञ बिन्दुबाट क ङ रेखामा ञ ण लम्ब हाल । ञ बिन्दुबाट नै ज ट रेखामा ञ ठ लम्ब हाल । अनि ङ च फ त्रिभुज तथा ङ ञ ण त्रिभुज सजातीय हुन्छन् । त्यस्तै ङ च फ त्रिभुज तथा ज ञ ठ त्रिभुज पनि सजातीय नै हुन्छन् ।

यस कारण ङ च कर्णले त च फ भुज पाइन्छ भने ङ ञ कर्णले के पाइएला भन्दा ञ ण भुज पाइन्छ । त्यस्तै ङ च कर्णले त ङ फ भुज पाइन्छ भने ज ञ कर्णले के पाइएला भन्दा ज ठ भुज पाइने भयो । ञ ण भुज तथा ज ठ भुजको योग भन्नु नै ज ट लम्ब हो । ज ट लम्ब क च चाप तथा च ज चापको योगरूप क ज चापको ज्या हो ।]

---

२. कखागघं भूमितलेषु मण्डलं ङकेन्द्रकं कर्कटकेन साधयेत् ।
कचं चछं चापयुगं कङं चङं छङं क्रमाद् व्यासदलत्रयं लिखेत् ।।
चजं छफं चापयुगस्य दोर्ज्यके कङे चङे लम्बवदेव पातिते ।
कछस्य चापद्वययोगसंमितेर्ज्यका कङे लम्बवदेव पातिता ।।
छटाऽह्वयात् तच्चङयोगचिह्ने लिखेड् डकारं गणकप्रवीणः ।
सूत्रं फटाख्यं विलिखेच्चजेन तुल्यप्रमाणं खलु शिल्पसिद्धम् ।।
छटं धरा फाटफछे भुजौ द्वौ महात्रिकोणे फतसंज्ञलम्बः ।
त्र्यस्रत्रयं तत्र समीक्ष्यमाणं वर्णाङ्कितं तच् छवणादि चिन्त्यम् ।।
त्र्यस्रं फटातं छङफस्वरूपं छफातमन्यत् ङचजोपमानम् ।
तृतीयमन्यत् फटतं तथैव ततोऽनुपातः परिकल्पनीयः ।।
कर्णे छङे चेत् फङतुल्यकोटिर्छटश्रुतौ कास्ति तटं तदानीम् ।
चङश्रुतौ चेज् जङतुल्यकोटिः कर्णे छफे कास्ति तदा छतं सा ।।
या कोटियुग्मस्य युतिस्तु सैव ज्याचापयोगस्य छटाभिधा ष्या ।

(वि. सं. १९२९ मा काशीबाट मेडिकल हल प्रेसद्वारा प्रकाशित बापूदेव शास्त्रीद्वारा संशोधित नीलाम्बर शर्माको गोलप्रकाशका १४–१५ पृष्ठ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ उदाहरण— ज्या ३०° $= \frac{१}{२}$ त्रि, कोज्या ३०° $= \sqrt{\frac{३}{४}\text{त्रि}^{२}}$, ज्या ४५° $= \sqrt{\frac{१}{२}\text{त्रि}^{२}}$, कोज्या ४५° $= \sqrt{\frac{१}{२}\text{त्रि}^{२}}$ (२० प्रक्रम) भए ज्या ७५° को मान बताऊ ।

$$\text{ज्या } ७५^{\circ} = \text{ज्या } (३०^{\circ} + ४५^{\circ})$$

$$= \frac{\text{ज्या } ३०^{\circ} \times \text{कोज्या } ४५^{\circ} + \text{ज्या } ४५^{\circ} \times \text{कोज्या } ३०^{\circ}}{\text{त्रि}}$$

$$= \frac{\frac{१}{२}\text{त्रि} \times \sqrt{\frac{१}{२}\text{त्रि}^{२}} + \sqrt{\frac{१}{२}\text{त्रि}^{२}} \times \sqrt{\frac{३}{४}\text{त्रि}^{२}}}{\text{त्रि}}$$

$$= \frac{१}{२} \times \sqrt{\frac{१}{२}\text{त्रि}^{२}} + \sqrt{\frac{१}{२}\text{त्रि}^{२}} \times \sqrt{\frac{३}{४}}$$

$$= \sqrt{\frac{१}{२}\text{त्रि}^{२}} \left(\frac{१}{२} + \sqrt{\frac{५}{४}}\right)$$

त्रि = ३४३८ भए,

$$\text{ज्या } ७५^{\circ} = \sqrt{\frac{१}{२}(३४३८)^{२}} \left(\frac{१}{२} + \frac{\sqrt{३}}{२}\right)$$

$$= \sqrt{\frac{१}{२}(३४३८)^{२}} \left(\cdot५ + \frac{१.७३२०५०८०७५६८}{२}\right)$$

$$= \sqrt{\frac{१}{२}(३४३८)^{२}} \left(\cdot५ + \cdot८६६०२५४०३७८४\right)$$

$$= \sqrt{\frac{१}{२}(११८१९८४४)} \; (१\cdot३६६०२५४०३७८४)$$

$$= \sqrt{५९०९९२२} \times १\cdot३६६०२५४०३७८४$$

$$= २४३१\cdot०३३११३७१९३५० \times १\cdot३६६०२५४०३७८४$$

$$= ३३२०\cdot८५२९९०७८०७४९८७३८०४०२०४००$$

$$\therefore \text{ज्या } ७५^{\circ} = ३३२०\cdot८५२९९०७८$$

१	३ (१·७३२०५०८०७५६८	२) १·७३२०५०८०७५६८
१	१	·८६६०२५४०३७८४
२७	२००	
७	१८९	
३४३	११००	
३	१०२९	
३४६	७१	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३४६२	७१००	
२	६९२४	
३४६४०५	१७६००००	·८६६०२५४०३७८४
५	१७३२०२५	+ ·५
३४६४१००८	२७९७५००००	१·३६६०२५४०३७८४
८	२७७१२८०६४	
३४६४१०१६०७	२६२१९३६००००	
७	२४२४८७११२४९	− ३४३८
३४६४१०१६१४५	१९७०६४८७५१००	५४९४४
५	१७३२०५०८०७२५	२०४९
३४६४१०१६१५०६	२३८५९७९४३७५००	२५६
६	२०७८४६०९६९०३६	९
३४६४१०१६१५१२८	३०७५१८४६८४६४००	२) ११८१९८४४
८	२७७१२८१२९२१०२४	५९०९९२२
३४६४१०१६१५१३६	३०३९०३३९२५३७६	

२	५९०९९२२ (२४३१·०३३११३७१९३५०
२	४
४४	१९०
४	१७६
४८३	१४९९
३	१४४९
४८६१	५०२२
१	४८६१
४८६२०३	१६१००००
३	१४५८६०९
४८६२०६३	१५१३९१००
३	१४५८६१८९
४८६२०६६१	५५२९११००
१	४८६२०६६१
४८६२०६६२१	६६७०४३९००
१	४८६२०६६२१
४८६२०६६२२	१८०८३७२७९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४८६२०६६२२३
३
४८६२०६६२२६७
७
४८६२०६६२२७४१
१
४८६२०६६२२७४२९
९
४८६२०६६२२७४३८३
३
४८६२०६६२२७४३८६५
५
४८६२०६६२२७४३८७०

१८०८३७२७९००
१४५८६१९८६६९
३४९७५२९२३१००
३४०३४४६३५८६९
९४०८२८७२३१००
४८६२०६६२२७४१
४५४६२२१००३५९००
४३७५८५९६०४६८६१
१७०३६१३९८९०३९००
१४५८६१९८६८२३१४९
२४४९९४१२०८०७५१००
२४३१०३३११३७१९३२५
१८९०८०९४३५५७७५००

२४३१·०३३११३७१९३५०
× १·३६६०२५४०३७८४

९७२४१३२४५४८७७४००
१९४४८२६४९०९७५४८००
१७०१७२३१७९६०३५४५०
७२९३०९९३४११५८०५०
९७२४१३२४५४८७७४००
१२१५५१६५५६८५९६७५०
४८६२०६६२२७४३८७००
१४५८६१९८६८२३१६१००
१४५८६१९८६८२३१६१००
७२९३०९९३४११५८०५०
२४३१०३३११३७१९३५०

३३२०·८५२९९०७८०७४९८७३८०४०२०४००

त्रि = १ भए,

$$\text{ज्या } ७५^{\circ} = \sqrt{\frac{१}{२}(१)^{२}}\left(\frac{१}{२}+\frac{\sqrt{३}}{२}\right)$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$= \sqrt{\frac{१}{२}}\left(\frac{१}{२}+\frac{\sqrt{३}}{२}\right)$$

$$= \sqrt{·५}\,(·५ + ·८६६०२५४०३७८४)$$

$$= ·७०७१०६७८११८७ \times १·३६६०२५४०३७८४$$

$$= ·९६५९२५८२६२८९३७६२०९८११६०८$$

$\therefore$ ज्या ७५° = ·९६५९२५८२६२८९

७	·५० (·७०७१०६७८११८६५
७	·४९
१४०७	१००००
७	९८४९
१४१४१	१५१००
१	१४१४१
१४१४२०६	९५९००००
६	८४८५२३६
१४१४२१२७	११०४७६४००
७	९८९९४८८९
१४१४२१३४८	११४८१५११००
८	११३१३७०७८४
१४१४२१३५६१	१६७८०३१६००
१	१४१४२१३५६१
१४१४२१३५६२१	२६३८१८०३९००
१	१४१४२१३५६२१
१४१४२१३५६२२८	१२२३९६६८२७९००
८	११३१३७०८४९८२४
१४१४२१३५६२३६६	९२५९५९७८०७६००
६	८४८५२८१३७४१९६
१४१४२१३५६२३७२५	७७४३१६४३३४०४००
५	७०७१०६७८११८६२५
१४१४२१३५६२३७३०	६७२०९६५२२१७७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu


```
         १·३६६०२५४०३७८४
       × ·७०७१०६७८११८७
      ----------------------------------
                 ९५६२१७७८२६४८८
               १०९२८२०३२३०२७२
              १३६६०२५४०३७८४
             १३६६०२५४०३७८४
           १०९२८२०३२३०२७२
           ९५६२१७७८२६४८८
         ८१९६१५२४२२७०४
        १३६६०२५४०३७८४
       ९५६२१७७८२६४८८
      ९५६२१७७८२६४८८
  ----------------------------------------
  ·९६५९२५८२६२८९३७६२०९८११६०८
```

१ त्रिज्या मानी ल्याएको ज्यालाई अनुपात गरी ३४३८ त्रिज्यामा परिणत गर्दा पनि दशमलवको आठ स्थानसम्म उही अङ्क आउँछन् ।

त्रिज्या = १ हुँदा,

ज्या ७५° = ·९६५९२५८२६२८९

```
        ·९६५९२५८२६२८९
             ×.३४३८
    ---------------------
       ७७२७४०६६१०३१२
      २८९७७७७४७८८६७
     ३८६३७०३३०५१५६
    २८९७७७७४७८८६७
   ---------------------
    ३३२०·८५२९९०७८१५८२
```

∴ त्रिज्या = ३४३८ हुँदा,

ज्या ७५° = ३३२०·८५२९९०७८

यसरी १ त्रिज्या मानी काम गर्दा केही सजिलो हुने हुँदा यहाँ अभ्यासका निमित्त ज्या तथा कोटिज्याको करणीगत सङ्ख्याको दशमलवस्वरूप ६ स्थानसम्म बनाई तल इष्ट चापका योगज्या ल्याउने प्रश्न दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४१ प्रश्नमाला

तलका चापका योगज्या ल्याऊ—

१) ज्या ३०° = ·५, ज्या २२° ३०′ = ·३८२६८३, कोज्या ३०° = ·८६६०२५, कोज्या २२° ३०′ = ·९२३८७९ भए, ज्या (३०° + २२° ३०′) कति होला ?

२) ज्या ३०° = ·५, ज्या १८° ४५′ = ·३२१४३९, कोज्या ३०° = ·८६६०२५, कोज्या १८° ४५′ = ·९४६९३० भए, ज्या (३०° + १८° ४५′) कति होला ?

३) ज्या १५° = ·२५८८१९, ज्या २६° १५′ = ·४४२२८९, कोज्या १५° = ·९६५९२६, कोज्या २६° १५′ = ·८९६८७३ भए, ज्या (१५° + २६° १५′) कति होला ?

४) ज्या ११° १५′ = ·१९५०९०, ज्या २६° १५′ = ·४४२२८९, कोज्या ११° १५′ = ·९८०७८५, कोज्या २६° १५′ = ·८९६८७३ भए, ज्या (११° १५′ + २६° १५′) कति होला ?

५) ज्या १५° = ·२५८८१९, ज्या १८° ४५′ = ·३२१४३९, कोज्या १५° = ·९६५९२६, कोज्या १८° ४५′ = ·९४६९३० भए, ज्या (१५° + १८° ४५′) कति होला ?

६) ज्या ७° ३०′ = ·१३०५२६, ज्या १८° ४५′ = ·३२१४३९, कोज्या ७° ३०′ = ·९९१४४५, कोज्या १८° ४५′ = ·९४६९३० भए, ज्या (७° ३०′ + १८° ४५′) कति होला ?

७) ज्या ७° ३०′ = ·१३०५२६, ज्या १५° = ·२५८८१९, कोज्या ७° ३०′ = ·९९१४४५, कोज्या १५° = ·९६५९२६ भए, ज्या (७° ३०′ + १५°) कति होला ?

८) ज्या ३° ४५′ = ·०६५४०३, ज्या १५° = ·२५८८१९, कोज्या ३° ४५′ = ·९९७८५९, कोज्या १५° = ·९६५९२६ भए, ज्या (३° ४५′ + १५°) कति होला ?

९) ज्या ३° ४५′ = ·०६५४०३, ज्या ११° १५′ = ·१९५०९०, कोज्या ३° ४५′ = ·९९७८५९, कोज्या ११° १५′ = ·९८०७८५ भए, ज्या (३° ४५′ + ११° १५′) कति होला ?

१०) ज्या ३° ४५′ = ·०६५४०३, ज्या ७° ३०′ = ·१३०५२६, कोज्या ३° ४५′ = ·९९७८५९, कोज्या ७° ३०′ = ·९९१४४५ भए, ज्या (३° ४५′ + ७° ३०′) कति होला ?

उत्तर

१ त्रिज्या भएमा		३४३८ त्रिज्या भएमा	
१) ·७९३३५३ ।	२) ·७५१८३९ ।	१) २७२७·५४ ।	२) २५८४·८२ ।
३) ·६५९३४६ ।	४) ·६०८७६१ ।	३) २२६६·८३ ।	४) २०९२·९२ ।
५) ·५५५५७० ।	६) ·४४२२८८ ।	५) १९१०·०५ ।	६) १५२०·५८ ।
७) ·३८२६८३ ।	८) ·३२१४३९ ।	७) १३१५·६६ ।	८) ११०५·११ ।
९) ·२५८८१९ ।	१०) ·१९५०९० ।	९) ८८९·८२ ।	१०) ६७०·७२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुस्ताङ्गो राजाले वि. सं. १८७५ मा काठमाडौँ पठाएको, अहिलेसम्म प्रकाशमा नआएको अर्जी

—महेशराज पन्त

श्री ६

श्रीगुरुज्यू

१. मोस्ताङ्का राजाले कर्णेललाई लेष्याको अर्जि ——————

२. उप्रान्त बिन्तिको प्रथम् येस सालमा मनांतिर बिचारि आऊनुभयो र ऊन्हंले गाऊ उजाड

३. थियो. सुष्य र दुष्य – – – – बाट पनि नजर गर्नुभयँको थियो. हामिले पनि दुई मानिस् ...(बि)-

४. न्ति गर्न पठायाको छ. तेताबाट पनि अघिको श्रेस्ताबमोजिम् करुणा मेहर राषनुपर्ला. ...

५. का मानिस्ले बिन्ति गर्ला ——————

६. ७५ साल श्रावणसुदी १० दा ———— मोस्तागी ——————

(परराष्ट्रमन्त्रालयको १२ सङ्ख्याको पोकोमा यो पत्र छ।)

झारकोटे बिष्टले राजेन्द्रविक्रम शाहलाई वि. सं. १८९८ मा लेखेको, अहिलेसम्म प्रकाशमा नआएको अर्जी

—महेशराज पन्त

श्रीः ६

श्री ५ स्वामीव

१. अर्जी –

२. उप्रान्त. ८१ सालमा हाम्रा बाबा सिल्लि नाम्ग्याल बिष्ट र. मनांका प्रजा नमिलि – – –
(का ह)-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. जूरमा आई बिति गर्दा अष्टकौसल भारादारहेरुबाट हाम्रो पुर्पक्ष सुनि बंदेजको × ×
४. र गरिबक्सनुहुदा हुकुम् सिर चन्हाई बिष्ट र प्रजा मिलि बिदा भंगयाका हुन्. त(सै)॰
५. मा रंतिले ठेक माङदा हाम्रा बाबाले जगामा अमालं गर्छु ठेक् दिंन भंदा. प्रजा ×
६. पिले ६६३ रुपंयामा ठेक् गरि लग्या र बाबा छंज्याल सालवसाल ठेक्बमोजी(म)
७. छ सय तृसट्ठि रुपंया तार्दै थिया ९३ सालमा बाबा बित्यापछि २ सालसम्म भ(न्या)
८. ठेकबमोजोमका रुपंया तिन्या तेथा सालदेषि. कि ठेकमा घट. कि अमानत ग[र्नुप]॰
९. छं भनि रंतिले जिद्दि गर्दा ९६ सालमा फिन्यादिबाहिक राषि ६० रुपंया घटि बं[देज ग]॰
१०. रिदियाको हो ९७ सालमा पनि फोन्यादिबाहीक राषिदिछौ ठेकमा घटोदेउ भ(नि रं)॰
११. तिले भंदा १०० रुपंया घटि फिन्यादि अलग् राषिदियाको हो ९८ सालमा पनि (ठेक)
१२. गरिदोयाको हो अहिलसम्म पनि ठेक् रुपंया सामेल गरेनन्. अमालं गरौ भ[न्या प]॰
१३. नि षतअन्सार डंड जिताउरि गर्न पनि पाओदंन. नगरौ भन्या — — — का सिर्तो(छ) [ठेक्]
१४. गरौ भन्या अघिका थितिबमोजोम डंड जिताउरि गरि लिन बान्हगाऊ मनांङमा नदि(न्या)
१५. बाज्या बाबाका पालासम्म ठुलो षतमा ठुलो डंड. साना षतमा सानु डंड हुथ्यो. आजकाल
(भ)[न्या]
१६. बान्हगाउमा १२ रुपंया. मनाङमा ८ रुपंया डंडदेषि सानु षत् ठुलो षत्मा डंड येकं हुदा [दु]॰
१७. निञां पनि सामेल नहुन्या काम् पनि नचल्न्या भयो. मनांगि रंतिले पनि ठेक् दि(दा)
१८. रुपंया नपुन्याउन्या. अमाल गरौ भन्या षतअन्सार डंड नहुदा ८ रुपंयादेषि बढ त(।) [हु]॰
१९. न्या वारंवार यस्तो हिमायेत गर्दा हामिले कसो गरि हजूरको सिर्तो दाषिल गर्‍यां हो.
२०. प्रभू. हामि गरिप दुहुरा हजूरका टहलुवा हौं. निसाफ्मा ठहन्याका षतियारल[ाई ष]॰
२१. तअंसारको डंड जिताउरी गरिलिनु भनि हाम्रा बाबा बाज्याका पालाको थीतिको [मोहो]॰
२२. र बक्सो पाया गरिपको उद्धार भं षोलाको थिति रहि रंति दुनिञां सामेल रहन्या (थि)॰
२३. या. गरिपले घेरं अर्ज गरियो सर अप्सर माफ् बक्स्याजावस् जो हुकुम् — — —
२४. इत गरिप सेवक. टसि थोप्ग्याल बिष्ट बुंबा छिरि बिष्टको सदा साष्ठांग दंडवत् कु(र्णं)[स]
२५. कुर्णंस कुर्णंस सेवा इति सम्वत् १८९८ साल मिति माघवदी ८ रोज ५ शुभम्———

(संशोधन–मण्डलको सङ्ग्रहमा यो पत्र छ। धेरै वर्षअघि श्रीशङ्करमान राजवंशी र श्रीधनवज्र वज्राचार्यले सार्नुभएको यस पत्रको प्रतिलिपिबाट पनि अहिले प्रकाश गर्दा मदत लिइएको छ।

श्रीशङ्करमान राजवंशी र श्रीधनवज्र वज्राचार्यले यस पत्रको प्रतिलिपि गर्नुहुंदा नफाटेका, तर अहिले फाटेर गएका अक्षरहरूलाई ( ) कोष्ठमा राखिएको छ। [ ] कोष्ठमा रहेका अक्षरहरूचाहिं त्यतिखेरै फाटेर गएका हुन्।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. १९०१ मा पानी नचल्ने जात भनी ठहरिएका जातको, अहिलेसम्म प्रकाशमा नआएको सूची

—महेशराज पन्त

श्री ६

१. १९०१ साल वैसाषशुदि १४ रोज ४ श्री ५ महाराजाधिराजबाट तजबीज
२. हुदा ठहऱ्याका आजकाल पानी नचल्न्या जातको तपसील् ——————
३. कसाहि —————— १ एस्का हातको दुद मात्र चल्छ पानी चल्दैन
४. कलवार —————— १ एस्का हातको कोरो सिधा र च्युतेल मात्र चल्दछ पानी चल्दैन
५. वात्तर —————— १
६. मुसहर —————— १
७. कुसल्या —————— १
८. डोम् —————— १
९. धोबि —————— १
१०. सार्कि —————— १
११. तमोटा —————— १
१२. चुनारा —————— १
१३. सुनार —————— १
१४. कामि —————— १
१५. दमाञी —————— १
१६. गाइन्या —————— १
१७. भांड वादि —————— १
१८. हुर्क्या —————— १
१९. वान्ढांटि —————— १
२०. कंडारा —————— १
२१. मुसलमान् चुडयांरा —————— १ सेष सैयद मुगल् पठान् जात ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२. हलालखोर ———————— १
२३. पोढ्या ———————— १
२४. दुसाद हजारा ———————— १
२५. कुलु ———————— १
२६. च्यामाखलक् ———————— १
२७. ... ———————— १

(पछाडिपट्टि)

साल् १९०१ मा श्री ५ बाट पानी नचलन्या जातको तजबिज भयाको कागज्

(परराष्ट्रमन्त्रालयको १५ सङ्ख्याको पोकोमा यो पत्र छ।)

सुरेन्द्रविक्रम शाहले भूटानी राजालाई वि. सं. १९०९ मा लेखेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

१. सं १९०९ साल चैत्रशुदि ९ रोज १ श्री ५ बाट धर्माका राजा लामाके
२. उप्रांत अघिदेखी गोर्षामहाराज र धर्माराजा दुद र पानी मिस्या फैं येकै भै-
३. रह्याको हो. येस पटक् ताहा पठायाका इ लामा हामी धर्माराजाको साथ मा-
४. इ हो. सांतिस्वस्तिमा पनि जांन्या सिपालु छ. ताहाबाट अतिशिक्षा मेहरबा-
५. नगी राषीबक्स्या जावस्. पत्रचिन्ह थाता १ घोडा १ रवाना गरि ————
६. पठायाको छ भंन्या बिस्तार लेष्याका अर्थ बढिया हो. अघिदेषी गोर्षा र ————
७. धर्माको दुद र पानी मिस्या फैं येकै भै रह्याको अब पनि अघिदेषी चलीआयाब-
८. मोजिम् छदैछ. जाहा पठायाका लामा सबै कुरामा बढिया रह्याछन्. इनले बढिया तरहसंग
९. जाहाको अघिदेषी चलीआयाबमोजीमको कामकाज गरि जाहाबाट बिदा भैं
१०. आयाका छन्. इ लामाका जमानी सबै बिस्तार बुझियेला. पत्रचिन्ह लेष्याब-
११. मोजीम् आइपुग्यो ————————

(परराष्ट्रमन्त्रालयको ३२ सङ्ख्याको पोकोमा यो पत्र छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगधको वेदाङ्गज्यौतिष

[हिन्दू सिद्धान्तज्यौतिषको सबभन्दा पुरानो ग्रन्थ]

–नयराज पन्त

वेदाङ्गज्यौतिषमा मेरो आँखा परेको ५७ वर्ष जति भयो। मैले सो ग्रन्थ परिश्रमपूर्वक पढ्न थालेको पनि १५–१६ वर्ष भइसक्यो। म प्रतिदिन अष्टाध्यायीहरू पढ्छु। वेदाङ्गज्यौतिष पनि म प्रतिदिन भने जस्तै पढ्छु। ३–४ महीना यतादेखि त अरू सबै ग्रन्थभन्दा वेदाङ्गज्यौतिषको अध्ययनमा बढी तल्लीन हुन थालेको छु। यसरी दिनको ५–६ घण्टा प्रतिदिन पढ्दा पनि वेदाङ्गज्यौतिषका सबै श्लोकको अर्थ गर्न सक्ने अवस्थामा अझै म पुग्न सकेको छैन। वेदाङ्गज्यौतिष त्यति ठूलो ग्रन्थ पनि होइन। वेदाङ्गज्यौतिषका आर्च तथा याजुष गरी दुइ थरी पाठ पाइन्छन्। आर्च ज्यौतिषमा ३६ श्लोक तथा याजुष ज्यौतिषमा ४४ श्लोक छन्। ती जम्मै श्लोक मलाई कण्ठस्थ जस्तै छन्। तीमध्ये धेरै श्लोकका मात्र मेरो मनमा खेल्छन् पनि। परन्तु बीचबीचका ५–७ श्लोकका अर्थमा मलाई दोधार छ। व्याख्याताहरू ती श्लोकका अर्थमा परस्पर बाझेका छन्। ती श्लोकको पाठमा एकरूपता छैन। याजुष पाठ जम्मै र आर्च पाठका ५ श्लोक भएको जम्मा ४ पत्रको हस्तलिखित वेदाङ्गज्यौतिष लक्ष्मीपतिसङ्ग्रहमा पनि छ, परन्तु त्यसको पाठ पनि शुद्ध छैन। वेदाङ्गज्यौतिष पढाउने गुरु पाइँदैनन्। तद्विद्यसंभाषा (त्यो विद्या पढ्ने पढाउने विद्वान्हरूसँगको छलफल) गर्न पाइँदैन। यस्तो विद्या पढ्न चाहने विद्यार्थी पनि छैनन्। यस अवस्थामा आफैँ गुरु, आफैँ तद्विद्य तथा आफैँ चेला भएर वेदाङ्गज्यौतिषका जम्मै श्लोकको अर्थ गर्न म कहिले समर्थ हुन्छु वा कहिल्यै पनि समर्थ हुन्न भन्ने कुराको टुङ्गो लाउन सक्ने अवस्थामा पनि म पुग्न सकेको छैन।

मेरा मातामह पण्डित भुवननाथ पाँडे (वि. सं. १९२०–२०००) प्रतिवर्ष पञ्चाङ्गसशोधनको अन्तिम प्रतिवेदन आफैँ लेख्नुहुन्थ्यो। वि. सं. २००१ का पञ्चाङ्गको प्रतिवेदन पनि वि. सं. २००० को कार्तिक महीनामै लेख्न लाग्नुभएको थियो। एक दिन एकाएक "म लेख्न नसक्ने भएँ, आँखा अकस्मात् तिरमिराए, यति काम तँ गर्" भनी मातामहले मलाई भन्नुभयो। त्यस बेला उहाँ ८० वर्ष पुगिसक्नुभएको थियो। पञ्चाङ्गनिर्णयसभामा (माहिला गुरुज्यूको घरमा) मेरा मातामह त्यस वर्ष पनि जानु त भयो, त्यहाँ उहाँको मुख चले तापनि हातचाहिँ चलेनन्। त्यसै वर्ष पौष महीनामा उहाँको स्वर्गवास भयो।

ऐतिहासिक शिरोमणि बाबुराम आचार्य (वि. सं. १९४४–२०२९) को स्मृतिशक्ति तीव्र थियो। वि. सं. २०२९ को वर्खामा उनी औषधोपचारका लागि वीर अस्पतालमा थिए। उनको दर्शन गर्न म त्यहाँ गएको थिएँ। "तिमीले बनाउन लागेको महाभारत कति सिद्धियो?" भनी उनले मलाई सोधे। "मैले महाभारत बनाएको छैन" भनी मैले भनेँ। "छ पक्कै छ" भनी उनले भने। मैले जवाफ दिइनँ। "श्री ५ पृथ्वीनारायणशाहको उपदेशको व्याख्यालाई नै उहाँले महाभारत सम्झनुभएको हो" भनी दिनेशराज भन्थे। त्यसपछि पनि म दुइ चार पटक अस्पताल गएँ, तर त्यहाँ उनलाई कुरा गर्न सक्ने अवस्थामा मैले पाइनँ। त्यसै वर्ष भाद्रमा उनको स्वर्गवास भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरा ससुरा गु. पु जनकराज पण्डितज्यू (वि. सं. १९३४-२०२०) विशेष कुरा गर्ने प्रकृतिका हुनुहुन्थ्यो। वि. सं. २०२० को टीकामा उहाँले परिमित कुरा मात्र गर्नुभयो। त्यसै वर्ष फाल्गुनमा उहाँको स्वर्गवास भयो।

"सोमनाथगुरु (पण्डितराज, वि. स. १९४१-२०२९) लाई मदेस जाने साइत हेरिदिनुहोस्, म लगिदिन्छु" भनी पण्डित दामोदर कोइरालाले एक दिन मलाई भने। "म आफैं गुरुको घरमा गई साइत दिन्छु" भनी मैले भनें र त्यसै दिन म गुरुको घर घट्टेकुलो (डिल्लीबजार) गएँ। गुरु कौसीमा घाम तापिरहनुभएको रहेछ। साइतको कुरा त ५-७ मिनेटमै सकियो, त्यसपछि गुरुले शास्त्रचर्चा चलाउनुभयो। उहाँको विद्या सर्वतोमुखी थियो। त्यस दिन उहाँले घण्टौंसम्म गुरुपरम्पराविषयका कुरा गर्नुभयो। ८० वर्ष नाघिसकेपछि उहाँका आँखा निकै कमजोर भएका थिए, तैपनि उहाँ शास्त्रचर्चा गर्दा पुस्तकहरू ल्याई देखाउने गर्नुहुन्थ्यो। यो वि. सं. २०२६-२७ तिरको घटना हो। वि. सं. २०२९ को गुरुपूर्णिमामा उहाँको पाउको पूजा गर्न म उहाँको घर गएको थिएँ। त्यस दिन उहाँ शास्त्रचर्चा शुरू गर्ने स्थितिमा हुनुहुन्नथ्यो। उल्टो उहाँले कसरी कुरा छोट्याउने भन्ने भाव देखाउनुभयो। त्यसै वर्ष आश्विनमा उहाँको स्वर्गवास भयो।

मेरा परिचित गुरुजनहरूमा ८८ वर्षभन्दा बढ्ता बाँचेको मनुष्य मैले देखेको छैन। अहिले म साँढेसतहत्तर वर्षको भइसकें। अहिलेसम्म आफैं पढ्न (ससाना अक्षरलाई छोडेर), आफैं लेख्न तथा एक्लै हिंडडुल गर्न पनि म सक्तछु।

अहिले म वेदाङ्गज्यौतिषका सम्पै श्लोकको अर्थ गर्न सक्ने स्थितिमा छैन, तापनि केही श्लोकका अर्थ मलाई राम्रोसँग लागेका छन् भन्ने भाव मेरो मनमा पढेको छ। त्यसैले अहिले मलाई अर्थ लागेको र अरूहरूले गरेको अर्थ असङ्गत भनी मैले सम्झेको वेदाङ्गज्यौतिषको एउटा श्लोक (याजुषज्यौतिषको ११ श्लोक) को विषयमा यो सानो निबन्ध प्रस्तुत गरेको छु।

माघशुक्लप्रपन्नस्य पौषकृष्णसमापिनः।
युगस्य पञ्च ५ वर्षस्य कालज्ञानं प्रचक्ष्यते ॥५॥

(याजुषज्यौतिष)

[माघशुक्लमा प्रारम्भ भई पौषकृष्णमा समाप्त हुने पञ्चवर्षात्मक युगको कालको विषयमा बताइन्छ।]

त्रिशत्यह्नां सषट्षष्टि ३६६ रब्दः षट् ६ चर्तवोऽयने २।
मासा द्वादश १२ सौराः स्युरेतत् पञ्च ५ गुणं युगे ॥२८॥
सावनेन्दुस्तृमासानां षष्टिः सैक ६१ द्वि ६२ सप्तिका ६७।
द्युत्रिंशत् ३० सावनस्याऽब्दः सौरः स्तृणां स पर्ययः ॥३१॥

(याजुषज्यौतिष)

[एक सौरवर्षमा ३६६ दिन, १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन्। १ युग (५ वर्ष) मा यिनका ५ गुना हुन्छन्।

एक युगमा ६१ सावनमास, ६२ चान्द्रमास, ६७ नाक्षत्रमास हुन्छन्। १ सावनमासमा ३० दिन हुन्छन्। सूर्यले भचक्रको एक फन्को मार्न लगाउने समय १ सौरवर्ष हुन्छ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यतावाट १ सौरवर्षमा ३६६ सावनदिन, १२ सौरमास, ६ ऋतु, २ अयन; १ सावनमासमा ३० सावनदिन तथा १ युगमा (३६६×५=) १८३० सावनदिन, (१२×५=) ६० सौरमास, (६×५=) ३० ऋतु, (२×५=) १० अयन, ६१ सावनमास, ६२ चान्द्रमास, ६७ नाक्षत्रमास हुन्छन् भन्ने कुरा स्पष्ट देखिन्छ। १ युगमा (६२×३०=) १८६० चान्द्रदिन हुने कुरा पनि स्पष्ट छ।

एक युगमा ३० ऋतु हुने हुनाले

$$१ \text{ ऋतुका सावनदिन} = \frac{१८३०}{३०} = ६१,$$

$$१ \text{ ऋतुका चान्द्रदिन} = \frac{१८६०}{३०} = ६२$$

हुन्छन् भन्ने कुरा यतावाट स्पष्ट हुन्छ।

पञ्चवर्षात्मक युगको प्रारम्भ माघशुक्ल प्रतिपदादेखि हुन्छ भनेर माथि भनिसकिएको छ। युगको पहिलो ऋतु त्यसै दिन (माघशुक्ल प्रतिपदामा) शुरू हुन्छ। एक ऋतुमा ६२ चान्द्रदिन बित्ने हुनाले दोस्रो ऋतुको प्रारम्भ चैत्रशुक्ल तृतीयामा हुन्छ। यसै गरी एक युगका ३० वटा ऋतुहरू प्रारम्भ हुने तिथि तलको सारणीमा देखाइएका छन्।

ऋतु	ऋतु प्रारम्भ हुने तिथि	ऋतु	ऋतु प्रारम्भ हुने तिथि
१) पहिलो	माघशुक्ल प्रतिपदा	१) सोह्रौं	श्रावणशुक्ल प्रतिपदा
२) दोस्रो	चैत्रशुक्ल तृतीया	२) सत्रौं	आश्विनशुक्ल तृतीया
३) तेस्रो	ज्येष्ठशुक्ल पञ्चमी	३) अठाह्रौं	मार्गशुक्ल पञ्चमी
४) चौथो	श्रावणशुक्ल सप्तमी	४) उन्नाइसौं	माघशुक्ल सप्तमी
५) पाँचौं	आश्विनशुक्ल नवमी	५) बीसौं	चैत्रशुक्ल नवमी
६) छैटौं	मार्गशुक्ल एकादशी	६) एक्काइसौं	ज्येष्ठशुक्ल एकादशी
७) सातौं	माघशुक्ल त्रयोदशी	७) बाइसौं	श्रावणशुक्ल त्रयोदशी
८) आठौं	चैत्रशुक्ल पूर्णिमा	८) तेइसौं	आश्विनशुक्ल पूर्णिमा
९) नवौं	ज्येष्ठकृष्ण द्वितीया	९) चौबीसौं	मार्गकृष्ण द्वितीया
१०) दसौं	श्रावणकृष्ण चतुर्थी	१०) पच्चीसौं	माघकृष्ण चतुर्थी
११) एघारौं	आश्विनकृष्ण षष्ठी	११) छब्बीसौं	चैत्रकृष्ण षष्ठी
१२) बाह्रौं	मार्गकृष्ण अष्टमी	१२) सत्ताइसौं	ज्येष्ठकृष्ण अष्टमी
१३) तेह्रौं	माघकृष्ण दशमी	१३) अट्ठाइसौं	श्रावणकृष्ण दशमी
१४) चौधौं	चैत्रकृष्ण द्वादशी	१४) उनन्तीसौं	आश्विनकृष्ण द्वादशी
१५) पन्ध्रौं	ज्येष्ठकृष्ण चतुर्दशी	१५) तीसौं	मार्गकृष्ण चतुर्दशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथिको सारणीलाई राम्ररी मनमा खेलाउने हो भने तलको श्लोकको अर्थ स्पष्ट हुन्छ ।

एकान्तरेऽह्नि मासे च पूर्वं कृत्वाऽऽदिमुत्तरः ।
अर्द्धयोः पञ्च ५ वर्षाणामृतू पञ्चदशेऽष्टमौ ।।११।।

(याजुषज्यौतिष)

[पहिलो ऋतुको प्रारम्भ पहिलो महीना (माघ) को पहिलो तिथि (प्रतिपदा) मा हुन्छ । त्यसपछि आउने ऋतुहरू एकान्तर महीना र एकान्तर तिथि पारी आउँछन् । पञ्चवर्षात्मक युगका अढाइअढाइ वर्षका २ भाग हुन्छन्, ती दुवै भागमा पर्ने आठौँ आठौँ ऋतु पन्ध्रौँ तिथि अर्थात् पूर्णिमामा प्रारम्भ हुन्छन् ।]

यो निबन्ध आधा जति म आफैँले लेखेको हुँ । बाँकी भाग लेखी प्रेसमा पठाउने काम रुक्मनाथ पौडेलले गरेका हुन् ।

□

दुःखी बनाऊँ किन हाय जीवन ?

—नयराज पन्त

दारिद्र्यमै जन्म भयो, बढेँ उहीँ, यो साथ लाग्दैछ सधैँ जहाँतहीँ ।
म सित्तिँमै आस लिई लिईकन, दुःखी बनाऊँ किन हाय जीवन ? ।।१।।

निन्दा सुनी, दुर्जन–वाक्य ती सुनी, खपी खपी लात कठोर ती अनि ।
म हाय खोजूँ सुख–शान्ति–साधन, संकेर सारा सुख–तत्त्व नै धन ? ।।२।।

धारा बगून् यी पसिना खुरूखुरू, आधा रहोस् पेट सधैँ यहाँ बरु ।
देखाउँने दाँत परन्तु दीनता भने नआओस् कहिल्यै नजीक ता ।।३।।

आलस्यको दास भएर जीवन, त्यसै नजाओस् जिउँदै मरीकन ।
यो यत्तिमै नाथ दया गर्‍यौ भने, यो दास तिम्रो छ कृतार्थ नै हुने ।।४।।

वि. सं. १९९६।५।१०

□

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

वटु सवलबहाल

ग-१-५३०

काठमाडौँ ३

नेपाल

फोन नं. २-२०४९२

वि. सं. २०४७ फाल्गुन

यस अङ्कको मूल्य रु. २७।-

मुद्रक

लुम्ब प्रेस

नयाँ बानेश्वर

ब १, ३७३ काठमाडौँ-१

नेपाल

फोन नं. ४-७३५८६